# ठाकुरबाबा नगरपालिका

# स्थानीय राजपत्र

खण्डः७ | संख्याः ४ | नगर सभाबाट पारित मितिः २०८१।१०।०८

प्रमाणिकरण मितिः २०८१।१०।१३

प्रकाशन मितिः २०८१।१०।१३

## भाग-१

## ठाकुरबाबा नगरपालिका

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## सैनवार, बर्दियाको

### सूचना !

नेपालको संविधान बमोजिम ठाकुरबाबा नगरपालिकाको मिति २०८१।१०।०८ गतेको नगरसभाको सोह्रौ अधिवेशनबाट तल लेखिए बमोजिम **"ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१"** पारित भई सभाध्यक्षबाट प्रमाणीकरण भएको उक्त ऐन सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको व्यहोरा हार्दिक अनुरोध छ ।

# ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१

**प्रस्तावना**

यस नगरपालिकाको क्षेत्रभित्र रहेको वनलाई सामुदायिक वन लगायत समुदायमा आधारित वन र निजी वनका माध्यमबाट दिगो व्यवस्थापन गरी वनमाथिको सामुदायिक तथा निजी अधिकारको सुनिश्चितता, जलवायु परिवर्तन न्यूनीकरण एवं अनुकूलन, वन्यजन्तु लगायतका जैविक विविधता संरक्षण, वातावरणीय सेवाको प्रवर्द्धन र पर्यापर्यटन एवं वन उद्यमको विकास गर्दै वन पैदावारको सदुपयोग र सोबाट प्राप्त लाभको न्यायोचित बाँडफाँड गर्दै दिगो विकास, सामाजिक तथा आर्थिक समृद्धि र लैङ्गिक तथा समाजिक न्याय हासिल गर्न वाञ्छनीय भएकोले,

नगरसभाको सोह्रौं अधिवेशनले यो ऐन बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) ऐनको नाम **"ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१"** रहेको छ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपश्चात् प्रारम्भ हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ऐनमा;

(क) "उपभोक्ता समूह" भन्नाले वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन र सदुपयोग गर्नका लागि दफा १२ बमोजिम गठन भई दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहलाई सम्झनु पर्दछ।

(ख) "कबुलियती वन" भन्नाले दफा २६ बमोजिम व्यवस्थापन गरिने राष्ट्रिय वनलाई सम्झनु पर्दछ।

(ग) "गैरकाष्ठ वन पैदावार" भन्नाले वनमा रहेका वा वनमा उत्पन्न भएका वा वनबाहिर रहेका रूखहरूबाट उत्पादित काठ र दाउरा बाहेकका जडीबुटी तथा अन्य सबै जैविक उत्पत्तिका सामानलाई सम्झनु पर्दछ।

(घ) "चिडियाखाना" भन्नाले संरक्षण शिक्षा, मनोरन्जन, प्रजनन्, वंशाणु श्रोत संरक्षण, अध्ययन अनुसन्धान गर्ने उद्देश्यले जीवजन्तुको परस्थानमा प्रदर्शनीमा राखी व्यवस्थापन गरिएको स्थानलाई सम्झनु पर्दछ।

(ङ) "जैविक मार्ग" भन्नाले वन्यजन्तुहरू एक वासस्थानबाट अर्को वासस्थानमा आवत जावत गर्ने क्षेत्र वा वन जंगल वा वन क्षेत्रलाई सम्झनु पर्दछ।

(च) "टाँचा" भन्नाले काठ वा खडा रहेका रूखमा लगाइने छाप, चिन्ह वा निशानालाई सम्झनु पर्दछ।

(छ) "धार्मिक वन" भन्नाले दफा २७ बमोजिम संरक्षण तथा व्यवस्थापन गरिएको राष्ट्रिय वनलाई जनाउँछ।

(ज) "निजी वन" भन्नाले प्रचलित कानून बमोजिम कुनै व्यक्ति वा संस्थाको हक पुग्ने निजी जग्गामा लगाई हुर्काएको वा संरक्षण गरिएको वनलाई सम्झनु पर्दछ र सो शब्दले परिवारको निजी जग्गामा रहेको पारिवारिक निजी वन समेतलाई जनाउँछ।

(झ) "राष्ट्रिय वन" भन्नाले नगरपालिकाको क्षेत्रभित्र रहेका सामुदायिक वन, सरकारद्वारा व्यवस्थित वन, वन संरक्षण क्षेत्र, साझेदारी वन, कबुलियति वन र धार्मिक वन समेतलाई सम्झनु पर्दछ।

(ञ) "वन" भन्नाले पूर्ण वा आंशिक रूपमा रूखहरू वा बुट्यानले ढाकिएको क्षेत्रलाई सम्झनु पर्दछ।

(ट) "वन पैदावार" भन्नाले वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका देहायका वन पैदावारलाई सम्झनु पर्दछ :

(१) काष्ठजन्य वन पैदावार

(२) जडीबुटी र गैरकाष्ठ वन पैदावार र

(३) चट्टान, ढुङ्गा, माटो, नदीजन्य र खनिजजन्य पदार्थ।

(ठ) “वन सिमाना चिन्ह” भन्नाले राष्ट्रिय वनको सिमाना छुट्टयाउन लगाइएको काठ, ढुङ्गा, सिमेन्ट वा अरू कुनै वस्तुको खम्वा वा चिन्हपटलाई जनाउँछ र सो शब्दले प्रचलित कानून बमोजिम जग्गा नापजाँच गरी तयार गरेको नक्सामा अङ्कित वन सिमाना चिन्ह समेतलाई सम्झनु पर्दछ ।

(ड) “वन क्षेत्र” भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको बाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, खर्क, हिउँले ढाकेको वा नढाकेको पहाड, बाटो, पोखरी, ताल तलैया, सिमसार, नदी, खोलानाला, बगर, पर्ति वा ऐलानी जग्गाले ओगटेको क्षेत्र समेतलाई सम्झनु पर्दछ ।

(ढ) “व्यवस्थापन योजना” भन्नाले वातावरणीय सन्तुलत कायम राखी वनको विकास, संरक्षण तथा वन पैदावारको उपयोग र बिक्री वितरण गर्न तयार गरिएको र ऐन एवं प्रचलित कानून बमोजिम स्वीकृत वनसम्वन्धी कार्य योजनालाई सम्झनु पर्दछ ।

(ण) “वातावरणीय सेवा” भन्नाले वन क्षेत्रको पारिस्थितिकीय प्रणालीबाट प्राप्त हुने देहाय बमोजिमको सेवा र सोबाट प्राप्त हुने लाभलाई सम्झनु पर्दछ :-

(१) कार्वन सेवा,
(२) जैविक विविधताको संरक्षण,
(३) जलाधार तथा जलचक्र प्रणाली,
(४) पर्यापर्यटन, र
(५) वातावरणीय सेवा प्रदान गर्ने अन्य वस्तु, सेवा वा लाभ ।

(त) “वातावरणीय परीक्षण” भन्नाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम गरिने संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण र वातावरणीय प्रभाव मूल्यांकन समेतलाई सम्झनु पर्दछ ।

(थ) “सामुदायमा आधारित जलवायु अनुकूलन” भन्नाले अनुकूलन योजना तर्जुमा सम्बन्धी प्रचलित मापदण्ड तथा कार्यविधिहरू र नगरपालिकाको अनुकूलन योजनालाई समेत मध्यनजर गर्दै उपभोक्ता समूहले आफ्नो स्थानीय समदायका लागि अनुकूलन योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यलाई सम्झनु पर्दछ।

(द) “सामुदायिक वन” भन्नाले ऐन र वन सम्बन्धी प्रचलित संघीय कानून बमोजिम उपभोक्ता समूहलाई सामुदायिक वनको रूपमा हस्तान्तरण गरिएको वनलाई सम्झनु पर्दछ ।

(ध) “सार्वजनिक जग्गा” भन्नाले जग्गा र वनसम्बन्धी प्रचलित कानून बमोजिम परिभाषित गरिए अनुसार नगरपालिकाको क्षेत्रमा पहिचान र सिमाङ्कन गरिएका सार्वजनिक जग्गालाई सम्झनु पर्दछ ।

(न) “नगरपालिका” भन्नाले ठाकुरबाबा नगरपालिकालाई सम्झनु पर्दछ ।

(प) “कार्यपालिका” भन्नाले ठाकुरबाबा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(फ) “निकुञ्ज” भन्नाले बर्दिया राष्ट्रिय निकुञ्जलाई सम्झनु पर्दछ ।

(ब) “प्रमुख संरक्षक” भन्नाले बर्दिया राष्ट्रिय निकुञ्जको प्रमुख संरक्षकलाई सम्झनु पर्दछ ।

(भ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले ठाकुरबाबा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

## परिच्छेद - २

## वनको सीमा निर्धारण, भू-उपयोग र वन क्षेत्रमा विकास आयोजना सञ्चालन सम्बन्धी व्यवस्था

**३. वनको सिमाना निर्धारण :** (१) वन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले नगरपालिकासँग समन्वय गरी सामुदायिक वन उपभोक्ता समूहका साथै आवश्यकता अनुसार वन

सिमानामा रहेको निजी जग्गावालाहरूलाई समेत सहभागी गराई राष्ट्रिय वनको सिमाना निर्धारण गरी वन सिमाना चिन्ह लगाउनेछ।

(२) उपदफा (१) बमोजिम वन सिमाना निर्धारण गरी तयार गरिएको नक्शामा नगरपालिकाको प्रमुखले प्रमाणित गरी सोको एक प्रति नगरपालिकामा र एक प्रति प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा अभिलेख राख्नु पर्नेछ।

**४. <u>वन सिमानाका लागि जग्गा प्राप्त गर्न सक्ने</u> :** (१) दफा ३ बमोजिम वनको सिमाना कायम गर्दा वन संरक्षणको दृष्टिकोणले आवश्यक भएमा वनको सिमानासँग जोडिएका सार्वजनिक जग्गा वा निजी जग्गा वा त्यस्तो जग्गामा रहेका कुनै भौतिक संरचनाहरू समेत नगरपालिकासँग समन्वय गरी संघीय कानून बमोजिम वन सिमाना कायम गर्न गर्नेछ।

(२) उपदफा (१) बमोजिम घर जग्गा समेत वन सिमानाभित्र पार्नुपर्ने भएमा घर जग्गा प्राप्ति र सोको क्षतिपूर्ति सम्बन्धी व्यवस्था वन सम्बन्धी सङ्घीय कानून बमोजिम हुनेछ।

(३) वन सिमानाभित्र परेको निजी जग्गाको सङ्घीय कानून बमोजिम लगत कट्टा गर्नु पर्नेछ।

(४) राष्ट्रिय वनमा परेको निजी जग्गाको लगत कट्टा गरिएमा प्रदेश सरकारको वनसम्बन्धी कार्यालय र मालपोत कार्यालयले सोको जानकारी नगरपालिकालाई गर्नेछ।

(५) उपदफा (४) बमोजिम जानकारी प्राप्त भएपछि नगरपालिकाले सोही बमोजिम निजी जग्गाको भूमि करसम्बन्धी लगत कट्टा गर्नेछ।

**५. <u>वनसम्बन्धी भू-स्वामित्व</u> :** (१) नगरपालिकाको क्षेत्रभित्र रहेको वनमाथिको भू-स्वामित्व सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) नगरक्षेत्रभित्र रहेका सार्वजनिक जग्गाहरूमाथिको भू-स्वामित्व प्रचलित कानून बमोजिम रहने छ।

(ख) नगरक्षेत्रमा राष्ट्रिय वनको रूपमा रहेका वनक्षेत्रका जग्गामाथिको भू-स्वामित्व वन सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम नेपाल सरकारमा रहनेछ।

(ग) सामुदायिक वन लगायतका समुदायमा आधारित वन क्षेत्रका जग्गाहरू सामुदायिक जग्गाको रूपमा रहने छन्।

(२) प्रथाजनित रूपमा संरक्षण र व्यवस्थापन हुँदै आएका वनहरूमा परम्परागत रूपमा स्थापित प्रथाजनित संस्थाको अधिकार रहनेछ।

(३) नेपाल सरकारले नगरक्षेत्रमा रहेको राष्ट्रिय वन क्षेत्रको भू-उपयोग परिवर्तन, भोगाधिकार प्रदान वा अन्य कुनै किसिमले कसैलाई हक हस्तान्तरण गर्ने निर्णय गर्नुपूर्व नगरपालिका, सम्बन्धित वन उपभोक्ता समूह र कुनै स्थानमा प्रथाजनित संस्था भएमा सोको समेत सहमति लिनु पर्नेछ।

**६. <u>वन व्यवस्थापन प्रणाली</u> :** (१) नगरक्षेत्रमा रहेको राष्ट्रिय वनलाई सामुदायिक वन र आवश्यकता अनुसार समुदायमा आधारित अन्य वन वा प्रथाजनित वनको रूपमा व्यवस्थापन गर्नुपर्नेछ।

(२) वन व्यवस्थापन प्रणालीहरूमध्ये सामुदायिक वन व्यवस्थापन प्रणालीलाई प्राथमिकता दिनु पर्नेछ।

(३) नगरपालिकाको सार्वजनिक जग्गामा रहेको वनलाई सामुदायिक वनको रूपमा विकास र व्यवस्थापन गर्न सकिनेछ र उपभोक्ता समूहले सार्वजनिक जग्गामा रहेको वन व्यवस्थापन नगरेमा नगरपालिका आफैले वा कुनै सङ्घ संस्थाका माध्यमबाट व्यवस्थापन गर्न गराउन सक्नेछ।

**७. <u>भू-उपयोग योजना र वन क्षेत्रको भू-उपयोग परिवर्तन</u> :** (१) नगरपालिका वा अन्य सम्बन्धित निकायले भू-उपयोग योजना तर्जुमा गर्दा नगरपालिकामा रहेको राष्ट्रिय वनलाई वन क्षेत्रको रूपमा नै कायम गर्नुपर्नेछ।

(२) नगरक्षेत्रभित्र रहेका कुनै पनि वनहरूमा कुनैपनि किसिमको बसोबास वा पूनर्वास गर्ने गराइने छैन। तर प्राकृतिक प्रकोप पीडित घरधुरीहरूलाई प्रकोप व्यवस्थापन गर्न लाग्ने अवधिभर वनको कुनै क्षेत्रमा वन विनास नहुने गरी अस्थायी बसोबास गराउन सकिने छ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएपनि संविधान बमोजिम भूमिहीन दलित र भूमिहीन सुकुम्वासीलाई रूखबिरूवा नभएको कुनै क्षेत्रको जग्गा उपलब्ध गराउनु पर्ने भएमा भूमिसम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गर्नुपर्नेछ ।

(४) वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्नुपर्ने भएमा सम्बन्धित उपभोक्ता समूहको सहमति लिई नेपाल सरकारबाट अनुमति प्राप्त भएमा मात्र वन क्षेत्रको भू-उपयोग परिवर्तन गर्न पाइनेछ ।

**८. वन क्षेत्रमा विकास आयोजना सञ्चालन** : (१) वन क्षेत्रमा राष्ट्रिय, प्रादेशिक र नगरपालिकाको प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय र प्रादेशिक गौरवको योजना सञ्चालन गर्ने, क्षतिपूर्ति प्रदान गर्ने र वन क्षेत्रको पूनर्स्थापना गर्ने सम्बन्धी व्यवस्थाहरू सङ्घीय कानून बमोजिम हुनेछ ।

तर स्थानीय गौरव वा प्राथमिकताको योजना वा आयोजना सञ्चालन गर्दा क्षतिपूर्ति प्रदान गर्नुपर्ने छैन ।

(२) राष्ट्रिय प्रादेशिक र नगरपालिकाको प्राथमिकता प्राप्त आयोजना वा राष्ट्रिय गौरवको योजना बाहेक अन्य आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न पाइने छैन ।

(३) नगरपालिकाको नक्शामा वन क्षेत्रको रूपमा रहेको तर वन कायम नरही विभिन्न किसिमका सार्वजनिक प्रयोजनका लागि उक्त वन क्षेत्रको जग्गा उपयोग भइरेको अवस्था रहेमा उक्त वन क्षेत्रको जग्गालाई सोही सार्वजनिक प्रयोजनका लागि उपयोग गरी सो वन क्षेत्रको जग्गा बराबर उपयुक्त जग्गामा वन क्षेत्रको विकास गर्न सकिनेछ ।

(४) नगरपालिकाका बासिन्दालाई खानेपानी सुविधाका लागि सञ्चालित योजना वा परियोजनाको निर्माण हुने वा निर्मित संरचना वन क्षेत्रभित्र पर्ने भएपनि वनक्षेत्रभित्र परेका मानिने छैनन् ।

**९. वन क्षेत्र प्रयोग गर्दा क्षतिपूर्ति दिनुपर्ने** : (१) कुनै पनि प्रयोजनका लागि वन क्षेत्र प्रयोग गर्दा सोबाट प्रभावित हुने उपभोक्ता समूह र प्रथाजनित संस्थाहरूसँग पूर्व सहमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वन क्षेत्र प्रयोग गर्दा कुनै प्रभाव पर्ने भएमा सम्बन्धित उपभोक्ता समूह र अन्य प्रभावित समुदायलाई प्रचलित कानून बमोजिम सम्बन्धित पक्षले क्षतिपूर्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, राष्ट्रिय गौरवका आयोजना र अन्य कुनै पनि विकास आयोजनाले वन क्षेत्र प्रयोग गर्ने क्रममा प्राप्त भएका वन पैदावार सम्बन्धित उपभोक्ता समूहलाई उपलब्ध गराई उक्त वन पैदावार कटान, संकलन, ओसार पसार र घाटगद्दी गर्दा लाग्ने खर्च सम्बन्धित विकास आयोजनाले व्यहोर्नु पर्नेछ ।

**१०. वन क्षेत्रमा पर्ने नदीजन्य खनिज पदार्थको प्रयोग** : (१) नगरपालिका अन्तर्गतको राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको सङ्कलन तथा प्रशोधनसम्बन्धी कार्य गर्दा वातावरण संरक्षणसम्बन्धी प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी नगरपालिकाले निर्धारण गरे बमोजिमको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको मूल्य र स्थानीय राजश्व भुक्तानी गरे पश्चात् मात्र उत्खनन् गर्न पाइनेछ ।

(२) राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको सङ्कलन तथा प्रशोधन गर्दा नेपाल सरकार र प्रदेश सरकारको प्रचलित मापदण्डहरूका साथै नगरपालिकाको प्राकृतिक स्रोत तथा वातावरण संरक्षण सम्बन्धी कानूनको समेत पालना गर्नुपर्नेछ ।

(३) सामुदयिक वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ सङ्कलन गर्दा सम्बन्धित उपभोक्ता समूहको समेत पूर्वसहमति लिनु पर्नेछ ।

(४) राष्ट्रिय वन क्षेत्रमा नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ बाहेक अन्य खनिज पदार्थको सर्वेक्षण तथा उत्खनन् गर्दा खानी तथा खनिज पदार्थ, वन र वातावरण संरक्षणसम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम गर्नुपर्नेछ ।

(५) नगरपालिकाले राष्ट्रिय वन क्षेत्रमा पर्ने नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थको बिक्री वितरणबाट प्राप्त रकममध्ये कम्तीमा पच्चीस प्रतिशत रकम सम्बन्धित वन उपभोक्ता समूहमार्फत् प्रभावित क्षेत्रको वन तथा वातावरण संरक्षणमा खर्च गर्नुपर्नेछ।

(६) सामुदायिक वन क्षेत्रमा रहेको नदीजन्य साधारण निर्माणमूखी खनिज पदार्थ उत्खनन् गर्नुपर्ने भएमा उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा समावेश गरी सम्बन्धित उपभोक्ता समूहले त्यस्तो खनिज पदार्थ विक्री गर्न सक्नेछ।

**११. वन क्षेत्रमा वातावरणीय मापदण्डको पालना :** (१) वातावरण संरक्षणसम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम वातावरणीय अध्ययन गर्नुपर्ने भनी निर्धारण भएका प्रस्तावहरू नगरपालिकामा रहेको वन क्षेत्रमा कार्यान्वयन गर्नुपूर्व उक्त प्रस्तावहरूका बारेमा वातावरणीय अध्ययन गरी सोसम्बन्धी प्रतिवेदन सम्बन्धित निकायबाट स्वीकृत भएको हुनुपर्नेछ।

(२) नगरपालिकाले वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम आफैले स्वीकृत गर्न पाउने किसिमका वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्दा वातावरणीय अध्ययन कार्यविधिमा उल्लिखित मापदण्डको पालना गर्नुपर्नेछ।

(३) नगरपालिकाको वन क्षेत्रमा कार्यान्वयन गरिने कुनै पनि प्रस्तावहरूका बारेमा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्दा कार्यपालिकाको बैठकमा छलफल गरी राय सुझाव र परामर्श लिएको हुनुपर्नेछ।

(४) वातावरणीय अध्ययन प्रतिवेदन तयारी र स्वीकृतिका क्रममा पालना गर्नुपर्ने सार्वजनिक सुनुवाई लगायतका अन्य विषयहरू प्रचलित कानून बमोजिम हुनेछ।

## परिच्छेद - ३
## उपभोक्ता समूह सम्बन्धी व्यवस्था

**१२. उपभोक्ता समूहको गठन :** (१) नगरपालिकामा सामुदायिक हितका लागि सामूहिक रूपमा कुनै वन क्षेत्रको संरक्षण र दिगो व्यवस्थापन गरी वन पैदावारको न्यायोचित् उपयोग गर्न, सामाजिक र आर्थिक विकास गर्न एवं वन व्यवस्थापनमा लैङ्गिक समानता र सामाजिक समावेशीकण प्रवर्द्धन गर्न चाहने त्यस्तो वनको सम्बन्धित उपभोक्ताहरूले ऐन र वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित प्रक्रिया अवलम्बन गरी नगरपालिकासँगको समन्वमा सहभागितामूलक रूपमा उपभोक्ता समूह गठन गर्न सक्नेछन्।

(२) उपभोक्ता समूह गठन गर्दा परम्परागत रूपमा वन उपयोग गर्दै आएका उपभोक्ताहरू सहित सम्बन्धित सबै घरधुरीलाई सदस्यको रूपमा समावेश गर्नुपर्नेछ र उपभोक्ता समूहको विधानमा यसरी पहिचान गरिएका सबै धरधुरीबाट एक महिला र एक पुरूषको नाम साधारण सदस्यको रूपमा समावेश गर्नुपर्नेछ।

(३) उपभोक्ता समूहको कार्यसमितिको अवधि बढीमा चार वर्षको हुनेछ र उपभोक्ता समूहको कार्यसमितिमा अध्यक्ष वा सचिवमध्ये एक जना महिला सहित लैङ्गिक समानताका साथै समाजिक रूपमा समावेशीकरण कायम गर्नु पर्नेछ।

**१३. उपभोक्ता समूहको दर्ता :** (१) दफा १२ बमोजिम गठित उपभोक्ता समूहको दर्ताका लागि नगरपालिकाको वन तथा वातावरण शाखाको सुझाव सहितको सिफारिस र वनसम्बन्धी प्रचलित कानून बमोजिमको ढाँचामा निर्धारित विधान सहित प्रदेश सरकारको वनसम्बन्धी कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सिफारिस, निवेदन र विधान प्राप्त भएमा प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले आवश्यक अध्ययन गरी त्यस्तो उपभोक्ता समूहलाई दर्ता गरी निर्धारित ढाँचामा दर्ता प्रमाण-पत्र प्रदान गर्नेछ।

(३) उपभोक्ता समूह गठन र विधान दर्ताका क्रममा प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले नगरपालिकासँग समन्वय गरी छलफल गर्नुपर्नेछ र उपभोक्ता समूहको गठन, विधान तर्जुमा र उपभोक्ता समूह दर्ताका लागि नगरपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

(४) उपभोक्ता समूहको विधानमा समावेश गर्नुपर्ने विषय र उपभोक्ता समूहलाई प्रदान गरिने प्रमाणपत्रको ढाँचाहरू वनसम्बन्धी प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ।

(५) दफा (१३) र यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानून बमोजिम दर्ता भइसकेका उपभोक्ता समूहहरू पूनः दर्ता हुनुपर्ने छैन । यसरी दर्ता भएका उपभोक्ता समूहहरूको सम्पूर्ण विवरण डिभिजन वन कार्यालयले यो ऐन लागू भएको मितिदेखि तीन महिनाभित्र नगरपालिकालाई उपलब्ध गराउने छ।

**१४. <u>उपभोक्ता समूह संगठित संस्था हुने</u> :** (१) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूह अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित, संगठित र सामुदायिक प्रकृतिको समाजिक संस्था हुनेछ।

(२) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) उपभोक्ता समूहले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ।

(४) उपभोक्ता समूहले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

**१५. <u>उपभोक्ता समूहको कोष</u> :** (१) उपभोक्ता समूहको आफ्नो एउटा छुट्टै कोष हुनेछ र उक्त कोषमा देहायका रकमहरू जम्मा गरिनेछ :-

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट प्राप्त अनुदान, सहायता वा दान दातव्यको रकम,

(ग) वन पैदावारको बिक्री बितरणबाट प्राप्त रकम,

(घ) दण्ड जरिवानाबाट प्राप्त रकम,

(ङ) प्रचलित कानून बमोजिम अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(२) साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहकोतर्फबाट गरिने खर्च उपदफा ( १) बमोजिमको कोषबाट व्यहोरिने छ।

(३) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि नगरपालिकाले समय समयमा दिएको राय सुझावलाई समेत मध्यनजर गरी समूहले कोष परिचालन मार्गदर्शन तर्जुमा गर्नुपर्नेछ।

**१६. <u>उपभोक्ता समूहको विवरण र प्रगति प्रतिवेदन पेश गर्नुपर्ने</u> :** (१) प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले नगरपालिका अन्तर्गत पर्ने सबै वन उपभोक्ता समूहको दर्ता विवरण सहितको प्रमाणपत्र, स्वीकृत विधान, वन हस्तान्तरणको प्रमाणपत्र र वन व्यवस्थापन कार्ययोजनाको प्रतिलिपि नगरपालिकालाई यो ऐन प्रारम्भ भएको मितिले एक महिना भित्रमा उपलब्ध गराउनेछ र नगरपालिकाले सोको अद्यावधिक अभिलेख कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नगरपालिकामा अभिलेख अद्यावधिक भएका उपभोक्ता समूहलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ङ) बमोजिम नगरपालिकाले यो ऐन बमोजिम नियमन, सहजीकरण र अनुगमन गर्न सक्नेछ।

(३) उपभोक्ता समूहको विधानमा निर्धारित प्रक्रिया बमोजिम उपभोक्ता समूहले प्रत्येक वर्ष साधारण सभाको आयोजना गरी आफ्नो वार्षिक कार्यक्रम र लेखा परीक्षण प्रतिवेदन पारित गरी सोको विवरण नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ।

(४) उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप, उपलब्धी र वर्तमान अवस्थाको विवरण सहितको वार्षिक प्रतिवेदन प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा पेश गरी सोको एकप्रति नगरपालिका र सामुदायिक वन उपभोक्ता महासंघ नेपाल समक्ष पनि पेश गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले सम्वन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन्।

(६) नगरपालिकाले उपभोक्ता समूहको आवश्यकता र कार्यसम्पादन प्रगतिका आधारमा वनसम्बन्धी विभिन्न कार्यक्रमहरू सञ्चालनका लागि अनुदान तथा सहयोग उपलब्ध गराउन सक्नेछ।

## परिच्छेद - ४
## सामुदायिक वन व्यवस्थापन सम्बन्धी व्यवस्था

**१७. सामुदायिक वन हस्तान्तण** : (१) नगरपालिकामा सामुदायिक वनको रूपमा हस्तान्तरण गर्न बाँकी रहेमा वन क्षेत्रहरू पहिचान गरी सामुदायिक वनको रूपमा हस्तान्तरण गर्न प्राथमिकता दिइनेछ।

(२) दफा १३ बमोजिम दर्ता भएको उपभोक्ता समूहको चाहना र आवश्यकताको आधारमा सामुदायिक वन व्यवस्थापनलाई दिगो र प्रभावकारी बनाउने गरी सामुदायिक वनको कार्ययोजना तयार वा संशोधन तथा परिमार्जन गर्नका लागि नगरपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजना तयार वा संशोधन गर्दा उक्त कार्ययोजना नगरपालिकाको वन तथा वातावरण शाखामा पेश गरी प्राप्त सुझाव तथा परामर्शका आधारमा वन व्यवस्थापन कार्ययोजना तर्जुमा वा आवश्यकता अनुसार संशोधन गर्नुपर्नेछ।

(४) उपदफा (३) को प्रयोजनका लागि वन व्यवस्थापन कार्ययोजना प्राप्त भएको मितिले बढीमा सात दिनभित्रमा वन तथा वातावरण शाखाले आवश्यक सुझाव दिनु पर्नेछ र उक्त समयभित्र कुनै सुझाव नदिएमा सोही कुरा जनाई वन व्यवस्थापन कार्ययोजना स्वीकृतिका लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालय समक्ष पेश गर्नुपर्नेछ।

(५) उपभोक्ता समूहले दफा (२) र (३) बमोजिम तर्जुमा गरेको कार्ययोजना बमोजिम सामुदायिक वनको विकास, संरक्षण, उपयोग एवं व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण समेत गर्न पाउने गरी नगरपालिकामा रहेको राष्ट्रिय वनको कुनै भाग सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न चाहेमा वन व्यवस्थापन कार्ययोजना र नगरपालिकाको वन तथा वातावरण शाखाको सुझाव तथा परामर्श सहित प्रदेश सरकारको वनसम्बन्धी कार्यालयमा निवेदन दिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश भएको वन व्यवस्थापन कार्ययोजना प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले अध्ययन पश्चात् स्वीकृत गरी उपभोक्ता समूहलाई सामुदायिक वन हस्तान्तरण सम्बन्धी प्रमाणपत्र प्रदान गरी सोको जानकारी नगरपालिकालाई गराउनेछ।

(७) सामुदायिक वनको कार्ययोजना प्रत्येक पटक सामान्यतयाः दश वर्षका लागि तर्जुमा गर्न सकिने छ र नगरपालिकाको वन तथा वातावरण शाखाबाट प्राप्त सुझाव तथा परामर्श बमोजिम आवश्यकता अनुसार समय समयमा संशोधन तथा परिमार्जन गर्न सकिने छ।

(८) उपदफा (७) बमोजिम उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा गरेको संशोधनले वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्ने देखिएमा प्रदेश सरकारको सम्बन्धित वन अधिकृतले संशोधित कार्ययोजना प्राप्त भएको मितिले तीस दिनभित्र उपभोक्ता समूहलाई त्यस्तो संशोधित कार्ययोजना लागू नगर्न निर्देशन दिई सोको जानकारी नगरपालिकामा समेत दिनुपर्नेछ ।

(९) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि वनसम्बन्धी प्रचलित कानून बमोजिम एक पटक हस्तान्तरण भएको वन पुनः हस्तान्तरण गर्नुपर्ने छैन ।

**१८. सामुदायिक वनमा विपन्न वर्गका लागि कबुलियती वन दिन सकिने :** (१) सामुदायिक वन उपभोक्ता समूहले आफ्नो समूहभित्र पहिचान गरेका गरिबीको रेखामुनी रहेका विपन्न घरधुरीहरूलाई सामुहिक वा एकल रूपमा वन पैदावारमा आधारित आय आर्जनका कार्यक्रम गर्नका लागि आफ्नो सामुदायिक वनको कुनै भाग बढीमा पन्ध्र वर्षका लागि सम्झौता गरी उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कबुलियती वनको रूपमा वन क्षेत्र उपलब्ध गराउने सम्बन्धी व्यवस्थाहरू स्वीकृत वन व्यवस्थापन कार्ययोजना र उपभोक्ता समूहको कार्यसमिति एवं कबुलियती वन लिन चाहने विपन्न समूह तथा परिवार बीच हुने सम्झौतामा उल्लेख गरे बमोजिम हुनेछ ।

**१९. वन पैदावारको मूल्य निर्धारण :** (१) उपभोक्ता समूहले आफ्नो स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वन व्यवस्थापन गर्दा प्राप्त भएका वन पैदावारको साधारण सभाको निर्णय बमोजिम स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी विक्री वितरण गर्न सक्नेछन् ।

तर उपभोक्ता समूहले आफ्नो वन पैदावार समूह बाहिर व्यवसायिक प्रयोजनका लागि विक्री गर्ने भएमा उक्त वन पैदावारको मूल्य निर्धारण गर्दा वनसम्बन्धी प्रचलित संघीय कानूनमा निर्धारित मूल्य दरमा नघट्ने गरी न्यूनतम् मूल्य कायम गर्नुपर्नेछ ।

(२) उपभोक्ता समूहले उपदफा (१) बमोजिम निर्धारण गरेको वन पैदावारको मूल्य दरको विवरण नगरपालिका, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय र सामुदायिक वन उपभोक्ता महाहासंघ नेपालमा उपलब्ध गराउनु पर्नेछ ।

(३) उपभोक्ता समूहले वन पैदावारको मूल्य निर्धारणका सम्बन्धमा गरेको निर्णय वा वन पैदावारको मूल्यका बारेमा नगरपालिकाले उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछ ।

**२०. सामुदायिक वनको काठ सङ्कलन र बिक्री वितरण :** (१) सामुदायिक वनबाट व्यापारिक प्रयोजनका लागि बिक्री वितरण गरिने काठको रूख छपान, कटान, ओसारपसार, श्रमिकहरूको पारिश्रमिक र सुरक्षा, घाटगद्दी, बोलपत्र आह्वान, बिक्री, टाँचाको प्रयोग र छोडपुर्जी सम्बन्धी प्राविधिक मापदण्डहरू वनसम्बन्धी प्रचलित कानून बमोजिम हुनेछन् ।

(२) उपदफा (१) बमोजिमका कार्यहरू गर्दा नगरपालिका वा प्रदेश सरकारको वन सम्बन्धी कार्यालय वा उपभोक्ता समूहको आफ्नै प्राविधिक कर्मचारीको सहयोगका आधारमा उपभोक्ता समूहले स्थानीय परिवेश अनुसार आवश्यक कार्यविधि वा प्रक्रियाहरू अवलम्बन गर्न सक्नेछन् ।

**२१. वन पैदावार विक्री वितरणको वार्षिक योजना जानकारी गराउने :** उपभोक्ता समूहले स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम संकलन हुने वन पैदावारको उपयोग तथा बिक्री सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई सोको एकप्रति नगरपालिकामा जानकारीका लागि उपलब्ध गराउनु पर्नेछ ।

**२२. वन पैदावार बिक्री शुल्क सञ्चित कोषमा जम्मा गर्नुपर्ने :** सामुदायिक वन उपभोक्ता समूहले समूह बाहिर व्यवसायिक प्रयोजनका लागि वन पैदावार बिक्री वापत प्राप्त हुने रकममध्ये कुनै रकम प्रचलित कानून बमोजिम स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यसरी जम्मा गर्नुपर्ने रकम आर्थिक वर्षको अन्त्यमा उपभोक्ता समूहले नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्नेछ ।

**२३. समुदायिक वनबाट प्राप्त लाभको उपयोग :** (१) सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार बिक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तीमा पचास प्रतिशत रकमध्ये नगरपालिकासँग समन्वय गरी गरिबी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं

सशक्तीकरणसम्बन्धी कार्यक्रमका लागि तीस प्रतिशत र मानववन्यजन्तु द्वन्द्व व्यवस्थापनमा बीस प्रतिशत खर्च गर्नु पर्नेछ ।

(३) उपदफा (२) को प्रयोजनका लागि उपभोक्ता समूहले आफ्नो साधारण सभामा पेश गर्नका लागि तर्जुमा गरेको वार्षिक कायक्रमको विवरण साधारण सभा हुनुभन्दा कम्तीमा सात दिन अगाडी नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ र नगरपालिकाले उक्त कार्यक्रममा कुनै सुधार गर्नुपर्ने देखेमा सम्बन्धित वडा कार्यालय मार्फत् उपभोक्ता समूहको वार्षिक कार्यक्रममा सुधारका लागि सुझाव दिन सक्नेछ ।

(४) उपभोक्ता समूह र नगरपालिकाले संयुक्त रूपमा सामुदायिक वन व्यवस्थापन, वन उद्यम विकास र महिला सशक्तीकरणका कार्यक्रम सञ्चालन गर्ने गरी योजना बनाउन सकिनेछ ।

(५) स्थानीय समुदायमा गर्नुपर्ने सामुदायिक विकासका कार्यहरू गर्दा उपभोक्ता समूह र नगरपालिका बीच सहकार्य गरी सामुदायिक विकासका कार्यहरू गर्न सकिनेछ ।

(६) उपदफा (२) बमोजिम खर्चगरी बाँकी रहेको रकम सामुदायिक विकासका कार्यक्रम, उपभोक्ता समूहको हित हुने अन्य कार्य र उपभोक्ता समूहको प्रशासनिक कार्यमा खर्च गर्न सकिने छ ।

तर प्रशासनिक कार्यका लागि उपभोक्ता समूहको वार्षिक आम्दानीको बढीमा २५ प्रतिशत रकम मात्र खर्च गर्न सकिनेछ र सोभन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्नुपर्ने भएमा उपभोक्ता समूहको साधारण सभाबाट सहमति लिनु पर्नेछ ।

**२४. वन व्यवस्थापन कार्ययोजना विपरित काम गर्नेलाई हुने सजाय :** (१) सामुदायिक वनमा कुनै उपभोक्ताले कार्ययोजना विपरीत हुने कुनै काम गरेमा निजलाई सम्बन्धित उपभोक्ता समूहले जरिबाना गर्न सक्नेछ र त्यस्तो कामबाट कुनै हानि नोक्सानी भएकोमा बिगो बराबरको रकम क्षतिपूर्तिको रूपमा असुल उपर गर्न सक्नेछ ।

(२) सामुदायिक वनको कार्ययोजना विपरितको कार्य गर्ने व्यक्तिलाई उपभोक्ता समूह आफैले कारवाही गर्न नसकेमा निजलाई कारवाही गर्नका लागि उपभोक्ता समूहले सिफारिस सहित प्रदेशको वन कार्यालयको अधिकृत समक्ष निवेदन गर्न सक्नेछ ।

(३) उपभोक्ता समूहका सदस्यभन्दा बाहिरको कुनै व्यक्तिले सामुदायिक वनमा हानी नोक्सानी गरेमा निजलाई राष्ट्रिय वनमा गरेको कसुर बमोजिमको सजाय गर्नका लागि उपभोक्ता समूहले प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष निवेदन गर्न सक्नेछ र निजलाई वनसम्बन्धी प्रचलित कानून बमोजिमको सजाय हुनेछ ।

**२५. सामुदायिक वनको विवाद व्यवस्थापन :** (१) सामुदायिक वनका विषयमा सिर्जना हुने विवाद समाधानका लागि नगरपालिकाले सहजीकण गर्न सक्नेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाको समन्वयमा नगरपालिका सहित, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल र सरोकारवालाहरूको प्रतिनिधित्व हुनेगरी विवाद समाधान संयन्त्र स्थापना गर्न सकिनेछ ।

## परिच्छेद - ५

## कबुलियती वन, धार्मिक तथा सांस्कृतिक वनसम्बन्धी व्यवस्था

**२६. कबुलियती वन हस्तान्तरण गर्न सक्ने :** (१) नगरपालिकाको विभिन्न वडा कार्यालयहरूले गरिबीको रेखामुनिका परिवार भनी पहिचान गरेका परिवारको समूहलाई गरिबी न्यूनीकरणका लागि कबुलियती वन हस्तान्तरण गर्न प्रदेश सरकारको वन सम्बन्धी कार्यालय समक्ष सिफारिस गर्न सक्नेछन् ।

(२) उपदफा (१) बमोजिमको सिफारिसका आधारमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले गरिवीको रेखामुनीका परिवारको कबुलिती वन उपभोक्ता समूह गठन गर्न र कबुलियती वनको कार्ययोजना बनाई

वनको संरक्षण र विकास हुने गरी आय आर्जन हुने कार्यक्रम सञ्चालनका लागि उक्त समूहलाई कबुलियती वनको रूपमा वनक्षेत्र उपलब्ध गराउन सक्नेछ ।

(३) प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले उपदफा (२) बमोजिमको कबुलियती वनको विवरण नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ र सोही आधारमा नगरपालिकाले कबुलियती वन उपभोक्ता समूहलाई आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) कबुलिती वन उपभोक्ता समूहसम्बन्धी अन्य व्यवस्था वनसम्बन्धी प्रचलित संघीय तथा प्रदेश कानून र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम हुनेछ ।

**२७. <u>धार्मिक तथा सांस्कृतिक महत्वका वनहरूको संरक्षण</u> :** (१) नगरपालिकामा धार्मिक तथा सांस्कृतिक महत्वका वनहरूको संरक्षण र व्यवस्थापनका लागि धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन गर्न सक्नेछ ।

(२) धार्मिक तथा सांस्कृतिक वन उपभोक्ता समूह गठन र दर्ता गर्दा यस ऐनको दफा १३ र १४ बमोजिमको प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

(३) सम्बन्धित धार्मिक तथा सांस्कृतिक समुदायले आफ्नो धर्म संस्कृतिसँग सम्बन्धित वन संरक्षण गर्न चाहेमा त्यस्तो वन सोही धार्मिक तथा सांस्कृतिक समूह वा समुदायलाई हस्तान्तरण गरिनेछ ।

(४) धार्मिक तथा सांस्कृतिक वनको व्यवस्थापन कार्ययोजना तर्जुमाका लागि नगरपालिकाको सम्बन्धित वडा कार्यालँगको समन्वयमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक र अन्य आवश्यक सहयोग लिन सकिनेछ ।

(५) धार्मिक वनमा विकास आयोजना सञ्चालन गर्दा काटिएका रूखहरू नगरपालिकामा कार्यपालिकाको समन्वय र सहमतिमा सम्बन्धित धार्मिक तथा सांस्कृतिक समूहले विक्री वितरण गर्न सक्नेछ ।

## <u>परिच्छेद - ६</u>

## <u>वनमा आधारित उद्यम विकास, पर्यापर्यटन र वातावरणीय सेवासम्बन्धी व्यवस्था</u>

**२८. <u>वन उद्यमको विकास गर्न सक्ने</u> :** (१) नगरपालिकामा रहेका वन उपभोक्ता समूहले उद्योग र वातावरणसम्बन्धी प्रचलित कानून बमोजिमका मापदण्डहरूको पालना गरी वन पैदावारमा आधारित वन उद्यमको स्थापना र विकास गर्न सक्नेछन् ।

(२) नगरपालिकामा रहेका विभिन्न वन पैदावारमा आधारित उद्योगहरूले सामुदायिक वन, निजी वन र अन्य विभिन्न किसिमका वनबाट प्रचलित कानूनको परिपालना गरी कच्चा पदार्थ प्राप्त गर्न सक्नेछन् ।

(३) सार्वजनिक–निज–सामुदायिक साझेदारीमा पनि वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ र यसका लागि ऐन र वनसम्बन्धी प्रचलित संघीय कानून विपरित नहुने गरी उपभोक्ता समूहले नगरपालिका, विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सम्झौता गर्न सक्नेछन् ।

(४) उपभोक्ता समूहले अन्य पक्षसँग साझेदारी गरी वन उद्यम सञ्चालन गर्दा उपभोक्ता समूहहरूको कम्तीमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ ।

(५) सामुदायिक वन उपभोक्ता समूहले वन उद्यमका लागि वन पैदावारमा आधारित सहकारी संस्था स्थापना गर्न चाहेमा नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**<u>स्पष्टीकरण</u> :** यस दफाको प्रयोजनाका लागि वन उद्यम भन्नाले लघु उद्यम, घरेलु उद्योग र वन सहकारी संस्थालाई जनाउनेछ ।

**२९. <u>पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्ने</u> :** (१) उपभोक्ता समूहले वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी आफ्नो वनमा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(२) वन क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्दा वन व्यवस्थापन कार्ययोजनामा निर्दिष्ट गरिएको क्षेत्रभन्दा बढी वन क्षेत्र प्रयोग गर्न पाइने छैन ।

(३) वन उपभोक्ता समूहको पर्यापर्यटन योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक, आर्थिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) वनमा आधारित पर्यापर्यटनका लागि उपभोक्ता समूहले नगरपालिका वा विभिन्न संघ संस्था वा निजी क्षेत्रसँग सहकार्य गर्न सक्नेछ र उपभोक्ता समूहले यसरी अन्य पक्षसँग साझेदारी गरी पर्यापर्यटन कार्य सञ्चालन गर्दा उपभोक्ता समूहहरूको कम्तीमा एकाउन्न प्रतिशत शेयर तथा लगानी भएको हुनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम सहकार्य गर्दा यो ऐन र वनसम्बन्धी संघीय कानून विपरित नुहने गरी आपसी सम्झौता गरी पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(६) सामुदायिक वन उपभोक्ता समूहले सञ्चालन गरेको कुनै पर्यापर्यटन क्षेत्रमा स्वदेशी वा विदेशी व्यक्ति र यातायातका साधन प्रवेश गर्दा साधारण सभाको निर्णय बमोजिमको प्रवेश शुल्क संकलन गर्न सक्नेछ ।

तर उपभोक्ता समूहका सदस्यहरूसँग यस्तो प्रवेश शुल्क लिने छैन ।

(७) सामुदायिक वनमा सञ्चालित पर्यापर्यटन कार्यक्रमबाट प्राप्त आम्दानीमध्ये कम्तीमा पच्चीस प्रतिशत रकम पर्यापर्यटन प्रवर्द्धन र कम्तीमा पचास प्रतिशत रकम महिला र विपन्न वर्गका लागि आय आर्जनका क्रियाकलापहरू सञ्चालन गर्न अनुदानको रूपमा उपलब्ध गराउनु पर्नेछ ।

**३०. <u>सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्</u> :** (१) सामुदायिक वन उपभोक्ता समूहले आफै वा अन्य विभिन्न पक्षसँगको सहकार्यमा सामुदायिक चिडियाखाना, वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा गरी सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र स्थापना तथा सञ्चालन र वन्यजन्तु पालन तथा प्रजनन् सम्बन्धी कार्यहरू गर्न सक्नेछन् । सो कार्यका लागि निश्चित क्षेत्रलाई चारकिल्ला खोली सीमाना तोक्नुपर्नेछ ।

(२) वन्यजन्तु पालन तथा प्रजनन् पश्चात गरिने बिक्री वितरणका लागि प्रदान गरिने इजाजत सम्बन्धी मापदण्डहरू प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(३) सामुदायिक चिडियाखाना वा वन्यजन्तु उद्दार केन्द्र र वन्यजन्तु पालन तथा प्रजनन्सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्न चाहने उपभोक्ता समूहलाई नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

**३१. <u>सामुदायिक घरबास (होमस्टे) :</u>** (१) पर्यापर्यटन प्रवर्द्धन गर्ने गरी होमस्टे सञ्चालन गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदायले नगरपालिकामा सामुदायिक होमस्टे दर्ता गरी सञ्चालन गर्न सक्नेछन् ।

(२) सामुदायिक होमस्टे सञ्चालनसम्बन्धी कार्यविधिहरूको पालना गरी सञ्चालित सामुदायिक होमस्टेलाई स्वीकृत योजना अनुसार नगरपालिकाले आवश्यक अनुदान उपलब्ध गराउन सक्नेछ ।

**३२. <u>जलाधार संरक्षण</u> :** (१) नगरपालिकाले आफनो क्षेत्रमा रहेका जलाधारहरूको पहिचान गरी नक्शासहितको विवरण राख्नु पर्नेछ ।

(२) नगरपालिकामा रहेका जलाधारहरूको सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट संरक्षणसम्बन्धी कार्यहरू गरिने छ ।

(३) जलाधार क्षेत्रको संरक्षण गर्ने उपभोक्ता समूहलाई योजना र कार्यक्रम तर्जुमा तथा कार्यान्वयनका लागि नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक र अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) जलाधार क्षेत्रको संरक्षणका माध्यमबाट जलस्रोत लगायतको संरक्षणमा उपभोक्ता समूहले पुऱ्याएको योगदान वापत जलस्रोत लगायतका स्रोत उपभोग गर्ने विभिन्न निकाय, संघ संस्था, उद्योग लगायतका

पक्षहरूले जलाधार क्षेत्र संरक्षण गर्ने उपभोक्ता समूहलाई विभिन्न अनुदान तथा अन्य उत्प्रेरणाका स्रोतहरू उपलब्ध गराउन सक्नेछन् । (५) उपदफा (४) को प्रयोजनका लागि जलाधार संरक्षण गर्ने उपभोक्ता समूह र जलाधार संरक्षणबाट फाईदा पाउने पक्षका बीच आवश्यक सम्झौता गर्न सकिनेछ ।

**३३. जैविक मार्गको व्यवस्थापन :** (१) नगरपालिकामा वन्यजन्तु र चराचुरूङ्गीहरूको आवतजावत गर्ने जैविक मार्गको रूपमा रहेका वन क्षेत्रहरूको संरक्षण, व्यवस्थापन र उपयोग सामुदायिक वनका माध्यमबाट गरिनेछ।

(२) जैविक मार्गका सामुदायिक वन र वन्यजन्तुको संरक्षणका लागि उपभोक्ता समूहलाई नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक तथा आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जैविक मार्गमा पर्ने वन क्षेत्रमा आश्रित समुदायलाई जैविक मार्गको वन पैदावार उपयोग गर्नबाट बञ्चित गरिने छैन ।

(४) जैविक मार्गमा वन्यजन्तुको प्रभावबाट सुरक्षित रहनका लागि उपभोक्ता समूह र नगरपालिकाले सचेतना अभिवृद्धि र सुरक्षात्मक उपायहरू अवलम्बन गर्न गराउन सक्नेछ ।

(५) वनक्षेत्रमा वन्यजन्तुको सुरक्षा लगायतको दृष्टिकोणबाट ओभर वा अन्डरपास बनाउन सकिनेछ ।

**३४. मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन र राहत वितरण :** (१) नगरपालिका, निकुञ्ज र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयका साथै सम्बन्धित वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ ।

(२) वन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति बापत पिडितलाई नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त नगरपालिका र वन उपभोक्ता समूहले थप राहत प्रदान गर्न सक्नेछ ।

(३) नगरपालिकाले वन्यजन्तुबाट प्रभावित व्यक्ति तथा परिवारलाई राहत प्रदान गर्न र मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका कार्यक्रमहरू सञ्चालनका लागि एक कोषको स्थापना र सञ्चालन गर्न सक्नेछ । उक्त कोषमा देहायका रकमहरू जम्मा गरिनेछः-

(क) नगरपालिकाले वार्षिक रूपमा विनियोजन गरी राख्ने रकम,

(ख) वन उपभोक्ता समूहहरूबाट प्राप्त हुने रोयल्टीको पच्चीस प्रतिशतले हुने आउने रकम,

(ग) विभिन्न व्यक्ति, संघ संस्थाबाट प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त हुने रकम ।

(४) मानव वन्यजन्तु द्वन्द्वबाट प्रभावित व्यक्तिहरूको जीउधनको सुरक्षाका लागि जीवन बीमा तथा निर्जीवन बीमा गर्नका लागि नगरपालिका, निकुञ्ज र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(५) वन्यजन्तुलाई वन क्षेत्रमा नै बसोवास गर्ने अवस्था सिर्जना गर्नका लागि सामुदायिक वन लगायतका जैविक मार्गमा पानी पोखरी निर्माण, जंगली फलफूलका विरूवा संरक्षण, घाँसे क्षेत्रहरूको संरक्षण जस्ता कार्यहरू गर्नुपर्नेछ ।

(६) नेपाल सरकारले कृषि तथा घरपालुवा जनावारका लागि हानिकारक वन्यजन्तु भनी घोषणा गरेका वन्यजन्तुहरू घर गोठ तथा खेतबारीमा आई जनधनको क्षति गर्ने अवस्था देखिएमा त्यस्ता वन्यजन्तुहरूलाई सुरक्षित साथ धपाउन पाइनेछ ।

(७) मानव बस्ती वा खेतबारीमा वन्यजन्तुहरूको आगमन रोक्न कंक्रिट पर्खाल लगायतका छेकबारहरू निर्माण गर्न सकिनेछ ।

**३५. सिमसार क्षेत्रको संरक्षण र व्यवस्थापन :** (१) नगरपालिकाको वन क्षेत्रमा रहेका सिमसारको संरक्षण र व्यवस्थापन सामुदायिक वन उपभोक्ता समूहका माध्यमबाट गरिने छ ।

(२) वन क्षेत्रभन्दा बाहिर रहेका सिमसारहरूको संरक्षण र व्यवस्थापनका लागि सिमसार उपभोक्ता समूह वा जल उपभोक्ता संस्था गठन गर्न सकिनेछ।

(३) सिमसार उपभोक्ता समूह गठन र दर्ता गर्दा सामुदायिक वन उपभोक्ता समूह गठन र दर्ता गर्ने प्रक्रिया अवलम्बन गर्न सकिनेछ।

(४) सिमसार व्यवस्थापन योजना तर्जुमाका लागि कार्यपालिकामा छलफल गरी प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनेछ।

(५) उपभोक्ता समूहले व्यवस्थापन गर्दै आएका सिमसार क्षेत्रका माछा लगायतका जलचरको संरक्षण र बिक्री वितरणका लागि उपभोक्ता समूहले आफै आवश्यक व्यवस्था गर्न सक्नेछ।

(६) सिमसार क्षेत्रको संरक्षण तथा वन्यजन्तुको अनुकूल वातावरणीय अवस्था सिर्जना गर्नका लागि नयाँ पानी पोखरी निर्माण गर्न, जंगली फलफूलका बिरूवा र घाँसहरू रोप्ने तथा संरक्षण गर्ने लगायतका कार्यहरू गर्न सकिनेछ।

**३६. <u>सार्वजनिक जग्गामा वन विकास सम्बन्धी व्यवस्था</u> :** (१) नगरपालिकाले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी आफ्नो क्षेत्रभित्र पहिचान भएका सार्वजनिक जग्गामा सामुदायिक वन उपभोक्ता समूहको माध्यमबाट वनको विकास, संरक्षण र व्यवस्थापन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कामका लागि नगरपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले उपभोक्ता समूहलाई आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) सार्वजनिक जग्गामा गरिएको सामुदायिक वन व्यवस्थापनबाट प्राप्त वन पैदावार सम्बन्धित उपभोक्ता समूहले प्रचलित कानूनी प्रक्रिया पूरा गरी उपयोग तथा बिक्री वितरण गर्न सक्नेछ।

(४) सडक र बाटो किनारमा लगाइएको तथा बाटोमा छहारी पर्ने रूखहरू र चौतारा वा यस्तै प्रकृतिका अन्य ठाउँमा लगाइएका रूखहरूले मानवीय जोखिम सिर्जना गर्ने भएमा वा अन्य कुनै कारणले काट्न वा हटाउन पर्ने भएमा नगरपालिकाले सडक र वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिमको प्रक्रिया पूरा गरी त्यस्ता रूखहरू काट्न वा हटाउन सक्नेछ।

(५) उपदफा (४) बमोजिमका काठ बिक्री वितरणबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्नेछ।

**३७. <u>सहरी वनको विकास र व्यवस्थापन</u> :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सहरी क्षेत्र तथा बस्तीमा रहेका सार्वजनिक सडक तथा पार्क जस्ता स्थानमा सामुदायिक वन उपभोक्ता समूहसँगको सहकार्यमा सहरी वनको विकास तथा व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको विकासको लागि नगरपालिका र प्रदेश सरकारको वनसम्बन्धी कार्यालयले आवश्यक आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गराउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने सहरी वनको वन पैदावार नगरपालिकासँगको समन्वयमा सम्बन्धित उपभोक्ता समूहले विभिन्न प्रयोजनका लागि प्रयोग गर्न सक्नेछ।

(४) सहरी वनको व्यवस्थापनबाट प्राप्त लाभको बाँडफाँडका बारेमा नगरपालिका र उपभोक्ता समूहका बीचमा कुनै सम्झौता वा सहमति गरिएमा सोही बमोजिम लाभको बाँडफाँड गर्नुपर्नेछ।

**३८. <u>उद्यान घोषणा गर्न सक्ने</u> :** (१) नगरपालिकाले सम्बन्धित वन उपभोक्ता समूहसँगको समन्वयमा वन क्षेत्रको कुनै उपयुक्त भागलाई वन उद्यान तथा प्राणी उद्यान घोषणा गरी वन उपभोक्ता समूहमार्फत् उद्यान निर्माण र सञ्चालन गर्न सक्नेछ।

(२) सामुदायिक वन क्षेत्रमा स्थापना र सञ्चालन गरिने वन उद्यान तथा प्राणी उद्यान सम्बन्धित उपभोक्ता समूह मार्फत् सञ्चालन गर्नुपर्नेछ।

**३९. वातावरणीय सेवाको व्यवस्थापन** : (१) वन क्षेत्रबाट हुने कार्वन सञ्चिती तथा उत्सर्जन न्यूनीकरण बाहेकका जलस्रोत संरक्षण, जैविक विविधता सरक्षण र पर्यापर्यटनको विकास लगायतका वातावरणीय सेवाको व्यवस्थापन गर्न चाहने वन उपभोक्ता समूह लगायतका स्थानीय समुदायले आफ्नो वन व्यवस्थापन योजना वा विशेष कार्ययोजनामा व्यवस्था गरी वातावरणीय सेवाको व्यवस्थापन र उपयोग गर्न सक्नेछन् ।

(२) वातावरणीय सेवाको व्यवस्थापन गरी उक्त सेवा बिक्री गर्न चाहने उपभोक्ता समूह वा स्थानीय समुदाय र वातावरणीय सेवा उपयोग गर्न चाहने पक्षका बीचमा सम्झौता गरी वातावरणीय सेवाको खरिद बिक्री गर्न सकिने छ ।

(३) वातावरणीय सेवाको आदान प्रदान तथा खरिद बिक्रीबाट प्राप्त लाभको बाँडफाडँ र सदुपयोगसम्बन्धी विषयहरू वातावरणीय सेवाको व्यवस्थापन योजना र आपसी सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

**४०. जलवायु परिवर्तन न्यूनीकरण र अनुकूलन योजना** : (१) नगरपालिकामा जलवायु परिवर्तनका कारण परेको प्रभाव न्यूनीकरणका लागि स्थानीयस्तरका जलवायु अनुकूलन योजना तर्जुमा गरी उपभोक्ता समूह वा प्रभावित स्थानीय समुदाय मार्फत् उक्त योजनाहरूको कार्यान्वयन गर्न सकिनेछ ।

(२) उपभोक्ता समूहले समुदायमा आधारित जलवायु अनुकूलन योजना तर्जुमा गर्न चाहेमा त्यस्ता योजना तर्जुमा र सोको कार्यान्वयनका लागि नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ र कार्यका लागि प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले पनि सहयोग उपलब्ध गराउन सक्नेछ ।

(३) जलवायु परिवर्तन न्यूनीकरणका लागि नगरपालिकामा जलवायुमैत्री संरचनाको निर्माण, यातायातका साधनहरूबाट हुने उत्सर्जन न्यूनीकरण र वन क्षेत्रको विकासका माध्यमबाट कार्वन उत्सर्जन न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

(४) आगलागी लगायतका कार्यहरूबाट हुने वन विनास तथा वन क्षयीकरण नियन्त्रण गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्ने वन उपभोक्ता समूहलाई सो वापत प्राप्त हुने लाभ उपलब्ध गराउन वा पुरस्कृत गर्नका लागि नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक सहयोग र सहजीकरण गर्नुपर्नेछ ।

**४१. वन डढेलो नियन्त्रण** : (१) नगरक्षेत्रको कुनै वनमा डढेलो लागेमा नगरपालिका, प्रदेश सरकारको वन सम्बन्धी कार्यालय, सुरक्षा निकाय, सम्बन्धित वन उपभोक्ता समूह र निजी जग्गावालाहरू समेतको पहलमा वन डढेलो नियन्त्रण गर्नु पर्नेछ ।

(२) नगरपालिकाले वन डढेलो नियन्त्रणका लागि वन उपभोक्ता समूहमार्फत् सचेतना र क्षमता अभिवृद्धि तथा डढेलो नियन्त्रणको प्रविधि तथा सूचना संयन्त्र विकास गर्ने र समन्वयका लागि आवश्यक कार्यहरू गर्नु पर्नेछ।

(३) वन डढेलो नियन्त्रणमा खटिदा कुनै व्यक्तिलाई क्षति हुन गएमा सोको मूल्यांकन गरी नगरपालिका र सम्बन्धित उपभोक्ता समूहले राहत तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउनेछ ।

(४) वन डढेलोका कारण वा वन डढेलो नियन्त्रण गर्न जाँदा कुनै व्यक्ति घाइते वा मृत्य भएमा त्यस्ता व्यक्तिले बीमा रकम पाउने गरी नगरपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहकार्यमा सामुहिक बीमा कार्यक्रम सञ्चालन गर्न सकिनेछ र यस कार्यमा सामुदायिक वन उपभोक्ता महासंघ, नेपालले समन्वय र सहजीकरण गर्न सक्नेछ ।

(५) कसैले वन क्षेत्रमा आगो लगाएमा वा आगो लाग्न सक्छ भन्ने कुरा थाहा हुँदा हुँदै लापरवाही गरी वनमा आगो लगाएमा वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम कारवाही र दण्ड सजाय हुनेछ ।

**४२. स्थानीय वातावरण संरक्षण योजना** : (१) नगरपालिकाले वातावरण संरक्षण योजना तर्जुमा र कार्यान्वयन गर्न सक्नेछ । यसरी योजना तर्जुमा र कार्यान्वयन गर्दा सामुदायिक वन उपभोक्ता समूहसँग राय परामर्श लिने, समन्वय र सहकार्य गर्नुपर्नेछ ।

(२) नगरपालिकामा रहेको वन क्षेत्र, नदी, खोलानाला, सार्वजनिक जग्गा र अन्य प्राकृतिक तथा सांस्कृतिक सम्पदा रहेका क्षेत्रहरूमा फोहरमैला विसर्जन गर्न गराउन पाइने छैन ।

(३) नगरपालिकामा वातावरण संरक्षणका कार्यहरू गर्दा सामुदायिक वनका माध्यमबाट गर्नुपर्नेछ ।

**४३. वृक्षारोपण कार्यक्रम सञ्चालन :** (१) नगरपालिकाले प्रत्येक वडामा उपभोक्ता समूह वा वन सहकारी संस्था वा वन उद्यमको माध्यमबाट कम्तीमा एउटा नर्सरी स्थापना गर्नका लागि आवश्यक व्यवस्था गरी सोको लागि अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिने नर्सरीमा रोजगारी प्रदान गर्दा सम्बन्धित क्षेत्रमा रहेका विपन्न परिवारलाई प्राथमिकता दिनेछ ।

(३) उपदफा (१) बमोजिम स्थापित नर्सरीमा किसान, निजी वन तथा वन उपभोक्ता समूहको माग अनुसारका रैथाने र पारिस्थितिकीय प्रणालीमैत्री व्यवसायिक बिरूवाहरूको उत्पादन र बिक्री वितरण गर्न प्राथमिकता दिनु पर्नेछ ।

(४) वन उपभोक्ता समूह, किसान तथा निजी वनवालाहरूलाई निःशुल्क वा न्यूनतम् शुल्कमा विरूवा उपलब्ध गराई वन क्षेत्र, नदी किनार, नदी उकास क्षेत्र, नहर किनार, सडक किनार, सार्वजनिक जग्गा, खाली जग्गा, पाखो जग्गा, वन विनास भएको क्षेत्र र निजी जग्गामा वृक्षारोपणका लागि नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट अनुदान उपलब्ध गराउन आवश्यक रकम विनियोजन गर्नुपर्नेछ ।

(५) नगरपालिकामा फैलिएका मिचाहा प्रजाती नियन्त्रण गरी वा हटाई उक्त क्षेत्रमा वृक्षारोपण गर्न चाहने वन उपभोक्ता समूह वा निजी जग्गावालालाई नगरपालिकाले प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

**४४. जडीबुटी खेती तथा गैरकाष्ठ वन पैदावार प्रवर्द्धन :** (१) नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले सामुदायिक वन लगायतका वन क्षेत्र र निजी जग्गामा सुगन्धित वनस्पति, औषधीजन्य जडीबुटी तथा अन्य जडीबुटी खेति र गैरकाष्ठ वन पैदावारको पहिचान र प्रवर्द्धनका लागि प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) नगरपालिकाको क्षेत्रमा उत्पादित जडीबुटी तथा गैरकाष्ठ वन पैदावारको भण्डार, प्रशोधन र बजारीकरणका लागि आवश्यक पूर्वाधारको विकास गर्ने कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

**४५. कृषि वन प्रवर्द्धन :** (१) नगरपालिकामा रहेका सामुदायिक वन लगायतका वन क्षेत्र, सार्वजनिक जग्गा र निजी वन तथा निजी जग्गाहरूमा कृषि वन लगाउन चाहनेलाई नगरपालिकाले आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) सामुदायिक वनमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा वन क्षेत्रको जैविक विविधता संरक्षण हुने गरी र एउटै विरूवाले लामो समय उत्पादन दिने प्रकृतिका वनजन्य तथा कृषिजन्य पैदावारहरू लगाउन प्राथमिकता दिनु पर्नेछ ।

(३) गरिबीको रेखामुनी रहेका परिवारलाई उपलब्ध गराइएको सामुदायिक वनको क्षेत्रमा कृषि वनका कार्यहरू गर्दा वर्षमा एक पटक मात्र खनजोत गर्नुपर्ने प्रकृतिका कृषिजन्य पैदावारहरू लगाउन प्राथमिकता दिनुपर्नेछ ।

**४६. वनजन्य बीउको उत्पादन :** वन बीउको उत्पादन, बिक्री वितरण र निर्यातका लागि नगरपालिकामा पाइने वन पैदावारका बीउहरूको उत्पादन र बजारीकरणका लागि योजना तर्जुमा गरी वन उपभोक्ता समूह र निजी वनवालाहरूलाई आवश्यक सहयोग उपलब्ध गराउन सकिने छ ।

**४७. वनजन्य खाद्य वस्तु तथा कन्दमूलको उपयोग :** (१) नगरपालिकाको सामुदायिक वन लगायतका वन क्षेत्रमा वनको हैसियत नबिग्रने गरी र वातावरण तथा जैविक विविधताको संरक्षण हुने गरी वन क्षेत्रबाट उपलब्ध हुनसक्ने वनजन्य खाद्य वस्तु तथा कन्दमूल संकलन र बिक्री वितरण गर्न सकिनेछ।

(२) नगरपालिकामा विशेष पहिचान तथा महत्व भएका वनजन्य खाद्य वस्तु तथा कन्दमूलको दिगो संकलन र सदुपयोग तथा बजारीकरणका लागि विपन्न परिवार र यस्ता वस्तुको बारेमा परम्परागत ज्ञान भएका परिवारलाई प्राविधिक तथा अन्य आवश्यक सहयोग उपलब्ध गराउन सकिनेछ।

**४८. चरन तथा खर्क व्यवस्थापन :** (१) नगरपालिकामा रहेका सामुदायिक वनमा पशुहरूको चरीचरन व्यवस्थापनका लागि उपभोक्ता समूहको वन व्यवस्थापन कार्ययोजनामा आवश्यक व्यवस्था गरी चरीचरन व्यवस्थापन गर्नु पर्नेछ।

(२) सामुदायिक वन बाहेकका अन्य वन क्षेत्र वा सार्वजनिक जग्गामा चरीचरन व्यवस्थापनका लागि नगरपालिकाले गोठाला तथा पशुपालक परिवार वा समूहसँग परामर्श गरी चरीचरन गराउने क्रममा पालन गर्नुपर्ने नियमहरू बनाउन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम चरीचरनका नियमहरू बनाउँदा आदिवासी जनजाति र स्थानीय समुदायको प्रथाजनित अभ्यासको सम्मान गर्नु पर्नेछ।

(४) खर्क जग्गा उपयोग गरी चरीचरन र वन पैदावारको उपयोग गर्दै आएका स्थानीय बासिन्दाको प्रथाजनित अभ्यासलाई सम्मान र संरक्षण गर्दै नगरपालिका र सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहले खर्च जग्गाहरूको दिगो व्यवस्थापनका लागि आवश्यक नियमहरू बनाउन सक्नेछ।

**४९. वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धन :** (१) नगरपालिकाको क्षेत्रभित्र आदिवासी जनजाति समुदायले परम्परादेखि अवलम्बन गर्दै आएका वनसम्बन्धी प्रथाजनित अभ्यासहरूको प्रवर्द्धनका लागि सामुदायिक वन र अन्य विभिन्न वन व्यवस्थापन प्रणालीको कार्ययोजनामा आवश्यक व्यवस्थाहरू समावेश गर्नु पर्नेछ।

(२) सामुदायिक वन तथा अन्य वन व्यवस्थापन प्रणालीका कार्ययोजनाहरूमा उल्लेखित वनसम्बन्धी प्रथाजनित अभ्यासको प्रवर्द्धनका लागि सम्बन्धित वन उपभोक्ता समूह र नगरपालिकाले आवश्यक स्रोत साधान र सहयोग उपलब्ध गराउनु पर्नेछ।

(३) सामुदायिक वन बाहेकका क्षेत्रहरूमा कुनै प्रथाजनित संस्थाले वन संरक्षण तथा उपयोग गर्दै आएको भएमा उक्त वन क्षेत्र सोही प्रथाजनित संस्थाले व्यवस्थापन गर्न सक्नेछ।

**५०. वनसम्बन्धी परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धन :** (१) नगरपालिकामा वन व्यवस्थापन गर्दा वन स्रोतमाथिको आदिवासी जनजाति र स्थानीय समुदाय, दलित र महिलाको अधिकार संरक्षण गर्नुपर्नेछ।

(२) वनसम्बन्धी कुनैपनि कार्यहरू गर्दा र वन स्रोत परिचालन गर्दा आदिवासी जनजाति र स्थानीय समुदायको रैथाने तथा परम्परागत ज्ञानको पूर्ण रूपमा सम्मान, संरक्षण र प्रवर्द्धन गर्नुपर्नेछ।

(३) वन व्यवस्थापन गर्दा र वन स्रोत परिचालन गर्दा वनमा आश्रित जीविकोपार्जनको अधिकारलाई सम्मान गर्नुपर्नेछ।

(४) नगरपालिकामा रहेका आदिवासी जनजाति र स्थानीय समुदाय वन तथा जैविक विविधता र प्राकृतिक स्रोत संरक्षण तथा उपयोगसँग सम्बन्धित परम्परागत ज्ञानको संरक्षण र प्रवर्द्धनका लागि नगरपालिकाले आवश्यक सहयोग गर्न सक्नेछ।

## परिच्छेद - ७
## निजी वनसम्बन्धी व्यवस्था

**५१. निजी वन दर्ता सम्बन्धी व्यवस्था :** (१) निजी वन दर्ता गराउन चाहने कुनै व्यक्ति वा संस्थाले निजी वन दर्ताको लागि प्रदेश सरकारको वनसम्बन्धी कार्यालयको सिफारिस सहित नगरपालिकामा तोकिएको दस्तुर बुझाएको राजस्व रसिद संलग्न गरी अनुसूची-१ बमोजिम निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै निवेदन परेमा आवश्यक जाँचबुझ गरी नगरपालिकाले निजी वन दर्ता गरी अनुसूची-२ बमोजिम प्रमाणपत्र दिनेछ। यसरी प्रदान गरिएको प्रमाणपत्र तोकिएको दस्तुर बुझाई प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम निजी वन दर्ता गरेको विवरण सहितको जानकारी नगरपालिकाले प्रदेश सरकारको वन सम्बन्धी कार्यालयलाई गराउनेछ।

**५२. <u>निजी वनको व्यवस्थापन र वन पैदावार परिचालन</u>** : (१) निजी वनको धनीले निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा निजी वनको वन पैदावारको उपयोग गर्न वा स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी बिक्री वितरण गर्न सक्नेछ।

(२) निजी वनको धनीको अनुरोधमा उपदफा (१) बमोजिमको कामका लागि नगरपालिका र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले आवश्यक प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) व्यावसायिक प्रयोजनको लागि निजी वन वा निजी आवादीमा रहेका वन पैदावारको सङ्कलन तथा ओसारपसारँ नगरपालिकाको क्षेत्रभित्र गर्नु परेमा नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि निजी वनको वन पैदावार व्यावसायिक प्रयोजनको लागि नगरपालिकाको क्षेत्रबाट अन्य कुनै स्थानीय तहको क्षेत्रमा वन पैदावारको बिक्री वितरण र ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(५) घरी प्रयोजनको लागि नगरपालिकाको क्षेत्रबाट यो नगरपालिका रहेको जिल्लाभित्रको कुनै स्थानीय तहमा वन पैदावार बिक्री वितरण तथा ओसारपसार गर्नु परेमा नगरपालिकाबाट सङ्कलन तथा ओसारपसार गर्ने स्वीकृति लिनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नगरपालिका रहेको जिल्लाबाट कुनै अर्को जिल्लामा घरी प्रयोजनका लागि वन पैदावार बिक्री वितरण तथा ओसारपसार गर्नु परेमा प्रदेश सरकारको वन सम्बन्धी कार्यालयबाट स्वीकृति लिनु पर्नेछ।

(७) निजी वनको धनीलाई निजी वन विकास, कृषि वन तथा जडीबुटी खेती एवं गैरकाष्ठ वन पैदावार प्रवर्द्धनका लागि नगरपालिकाबाट पारित कार्यक्रम तथा योजना अनुसारका सहयोग, अनुदान तथा सुविधाहरू उपलब्ध गराउन सकिनेछ।

**५३. <u>निजी वनमा वन्यजन्तु पालन</u>** : (१) कुनै निजी वनवालाले नगरपालिकाको सिफारिसमा वन तथा वन्यजन्तु सम्बन्धी प्रचलित संघीय कानून र मापदण्डको अधीनमा रही आफ्नो निजी वनमा संरक्षित वन्यजन्तु बाहेकका वन्यजन्तु तथा पन्छी समेत पालन गर्न सक्नेछ।

(२) कुनै निजी वनवालाले उपदफा (१) बमोजिमका कार्यहरू गरेको भएमा सोको जानकारी नगरपालिकामा गराउनु पर्नेछ र उक्त वन्यजन्तु तथा पन्छीमा कुनै रोग देखा परेमा तत्काल प्रदेश सरकारको वनसम्बन्धी कार्यालय, पशु विकास कार्यालय र अन्य सम्बन्धित निकायको सहयोगमा रोकथाम तथा नियन्त्रण गर्नुपर्नेछ।

## <u>परिच्छेद - ८</u>

## <u>मध्यवर्ती क्षेत्रको वन व्यवस्थापनसम्बन्धी व्यवस्था</u>

**५४. <u>मध्यवर्ती क्षेत्रको वन व्यवस्थापन</u>** : (१) नगरपालिकाको मध्यवर्ती क्षेत्रमा रहेका वनहरू सामुदायिक वनको रूपमा व्यवस्थापन गर्न प्राथमिकता प्रदान गरिने छ। यसका लागि निकुञ्जसँग समन्वय गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै वनहरू धार्मिक तथा सांस्कृतिक वा प्रथाजनित वनको रूपमा रहेको भए उक्त वनहरूको सोही रूपमा संरक्षण र सदुपयोग गर्न सकिनेछ।

**५५. <u>मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह</u> :** (१) निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेको वनलाई सामुदायिक वनको रूपमा व्यवस्थापन गरी सदुपयोग गर्न चाहने उक्त वनका सम्बन्धित उपभोक्ता समूहहरूले मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह गठन गर्न सक्नेछन् ।

(२) उपदफा (१) बामोजिमको उपभोक्ता समूह गठनका लागि  नगरपालिका र निकुञ्जका प्रमुख संरक्षकले आवश्यक सहयोग र सहजीकरण गर्नेछन् ।

(३) उपदफा (१) बमोजिम गठन भएको उपभोक्ता समूह निकुञ्जको कार्यालयमा दर्ता गर्नुपूर्व निकुञ्जका प्रमुख संरक्षक र उपभोक्ता समूहले नगरपालिकामा समन्वय गर्नु पर्नेछ ।

(४) निकुञ्जका प्रमुख संरक्षकले निकुञ्जको कार्यालयमा दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहको दर्ता प्रमाणपत्र सहितको अद्यावधिक विवरण र वन व्यवस्थापन योजना यो ऐन लागु भएको तीन महिनाभित्रमा नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम  नगरपालिकामा अभिलेख अद्यावधिक भएका मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहलाई मध्यवर्ती सामुदायिक वनको व्यवस्थापन योजना परिमार्जन तथा कार्यान्वियन र अन्य विभिन्न कार्यका लागि नगरपालिकाले आवश्यक सहयोग र सुझाव प्रदान गर्न सक्नेछ ।

(६) यो ऐन लागु हुनुपूर्व दर्ता भएका मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूह/समिति पुनः दर्ता हुनुपर्ने छैन ।

तर उक्त उपभोक्ता समूह/समितिका अद्यावधिक विवरण र वन व्यवस्थापन योजना यो ऐन लागु भएको तीन  महिनाभित्रमा बर्दिया राष्ट्रिय निकुञ्जले  नगरपालिकामा उपलब्ध गराउनु पर्नेछ

**५६. <u>मध्यवर्ती सामुदायिक वन हस्तान्तरण</u> :** यो ऐनको दफा ५५ बमोजिम दर्ता भएका मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहलाई वनको दिगो व्यवस्थापन र वन पैदावारको स्वतन्त्र रूपमा मूल्य निर्धारण गरी नियमित रूपमा विक्री वितरण र उपयोग गर्न पाउने गरी निकुञ्जको संरक्षकले मध्यवर्ती क्षेत्रमा रहेको कुनै पनि वन क्षेत्र मध्यवर्ती सामुदायिक वनको रूपमा हस्तान्तरण गरी सामुदायिक वनको प्रमाणपत्र प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण गरिने मध्यवर्ती सामुदायिक वनको व्यवस्थापन योजना तर्जुमा वा परिमार्जन गर्दा  नगरपालिकामा समन्वय गर्नु पर्नेछ ।

(३) मध्यवर्ती सामुदायिक वनको कार्ययोजना तर्जुमा वा परिमार्जन गर्ने क्रममा वन स्रोतको सर्वेक्षणका लागि राष्ट्रिय वनमा लागु गरिने सामुदायिक वन स्रोत सर्वेक्षण मागदर्शन  अवलम्बन गर्न सकिने छ ।

(४) मध्यवर्ती सामुदायिक वनको व्यवस्थापन योजना तर्जुमा वा परिमार्जन गर्न र व्यवस्थापन योजना बमोजिमका कार्यक्रम कार्यान्वयनका लागि नगरपालिका र निकुञ्ज कार्यालयले प्राविधिक, आर्थिक र अन्य आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(५) मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले निकुञ्ज कार्यालयबाट स्वीकृत वन व्यवस्थापन कार्ययोजनाको पालना गरी वन व्यवस्थापनका कार्यहरू गर्नुपर्नेछ र वन व्यवस्थापन कार्ययोजना कार्यान्वियन गर्दा कार्ययोजना विपरितका कार्य गर्न र वातावरण तथा जैविक विविधतामा प्रतिकूल असर पर्ने कार्य गर्न पाइने छैन ।

(६) मध्यवर्ती क्षेत्रको वनमा उपदफा (५) विपरित हुने कार्य गरेमा प्रमुख संरक्षकले नगरपालिकासँग समन्वय र परामर्श गरी मध्यवर्ती सामुदायिक वन फिर्ता लिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम मध्यवर्ती सामुदायिक वन फिर्ता लिनुअघि सम्बन्धित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहलाई सफाईको मौका दिनु पर्नेछ ।

(८) उपदफा (६) बमोजिम मध्यवर्ती सामुदायिक वन फिर्ता लिने संरक्षकको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समूहले उक्त निर्णय भएको पैतीस दिनभित्र सम्बन्धित अदालतमा पुनरावेदन गर्न सक्नेछ र प्रमुख संरक्षकको निर्णय बदर भएमा साविककै उपभोक्ता समूहलाई र निर्णय सदर भएमा उपभोक्ता समूह पूनरगठन गरी मध्यवर्ती सामुदायिक वन पुनः हस्तान्तरण गर्नुपर्नेछ ।

**५७. मध्यवर्ती सामुदायिक वनको वन पैदावार परिचालन :** (१) मध्यवर्ती सामुदायिक वनको स्वीकृत वन व्यवस्थापन कार्ययोजना बमोजिम वार्षिक रूपमा प्राप्त हुने वन पैदावार मात्र संकलन र उपयोग गर्नु पर्नेछ।
(२) मध्यवर्ती सामुदायिक वनको वन पैदावारमध्ये उपभोक्ता समूहका घरधुरी सदस्यहरूलाई बिक्री वितरण गरी बाँकी रहेको काठ दाउरा मध्यवर्ती क्षेत्रभित्र व्यवसायिक प्रयोजनका लागि बिक्री गर्न सकिनेछ ।
(३) मध्यवर्ती क्षेत्रबाट प्राप्त हुने गोलिया काठ मध्यवर्ती क्षेत्रमा रहेको वन उद्योगमा चिरान नगरी मध्यवर्ती क्षेत्रभन्दा बाहिर लैजान पाइने छैन ।

तर मध्यवर्ती क्षेत्रमा काठ चिरान गर्ने वन उद्योग नभएको अवस्थामा नगरपालिकाको समन्वयमा प्रमुख संरक्षकले गोलिया काठ मध्यवर्ती क्षेत्र बाहिर लैजानका लागि अनुमतिपत्र दिन सक्नेछ ।

(४) मध्यवर्ती सामुदायिक वनमा संकलन गरिने जडीबुटी तथा गैरकाष्ठ वन पैदावारहरू सम्बन्धित वडाको सिफारिसमा संरक्षकले प्रदान गरेको छोडपूर्जीका साथ नगरपालिकामा लगत प्रमाणित गराई ओसार पसार गर्न सकिनेछ ।
(५) मध्यवर्ती सामुदायिक वनका वन पैदावारहरू सम्बन्धित उपभोक्ता समूहको क्षेत्र बाहिर ओसार पसार गर्नका लागि सम्बन्धित सामुदायिक वन उपभोक्ता समूहको अध्यक्ष वा अधिकारप्राप्त पदाधिकारीले नगरपालिकाको सिफारिसका आधारमा अनुमति दिनेछ ।
(५) मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले व्यावसायिक प्रयोजनका लागि काठ दाउरा विक्री गर्ने भएमा उक्त काठ दाउराको कम्तीमा पाँच प्रतिशत काठ दाउरा मध्यवर्ती क्षेत्रमा हुने प्रकोप पिडितका लागि छुट्याउनु पर्नेछ र उक्त काठ दाउरा नगरपालिकाको सिफारिस र प्रमुख संरक्षकको अनुमतिका आधारमा मध्यवर्ती क्षेत्रभित्रका प्रकोप पीडित परिवारलाई निःशुल्क वा न्यून मूल्यमा उपलब्ध गराउनु पर्नेछ ।
(६) उपदफा (५) बमोजिम छुट्याइएको काठ दाउरा सम्बन्धित आर्थिक वर्षमा बिक्री वितरण नभएमा अर्को आर्थिक वर्षमा उक्त काठ दाउरा मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले प्रचलित नियम अनुसार बिक्री वितरण गर्न सक्नेछ ।

**५८. मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको कोष :** मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले विभिन्न स्रोतबाट प्राप्त रकम परिचालनका लागि आफ्नो एउटा कोष स्थापना गर्नुपर्नेछ ।
(२) मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको साधारण सभाबाट स्वीकृत वार्षिक कार्यक्रमका लागि उपभोक्ता समूहको तर्फबाट गरिने खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।
(३) उपभोक्ता समूहले कोषको सञ्चालनका लागि नगरपालिका र प्रमुख संरक्षकले समय समयमा दिएको राय सुझावलाई समेत मध्यनजर गरी समूहले कोष परिचालन गर्नुपर्नेछ ।
(४) मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले वन पैदावार विक्री वितरण गरी प्राप्त गरेको रकम मध्ये कम्तीमा पच्चीस प्रतिशत रकम सामुदायिक वनको दिगो व्यवस्थापनमा खर्च गर्नु पर्नेछ ।
(५) उपदफा (४) बमोजिम खर्च गरी बाँकी रहेको रकममध्येबाट कम्तीमा पचास प्रतिशत रकम नगरपालिकासँग समन्वय गरी गरिबी न्यूनीकरण, वन उद्यमको विकास र महिलाको आयआर्जन एवं सशक्तीकरणसम्बन्धी कार्यक्रमका लागि खर्च गर्नुपर्नेछ ।

**५९. मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहको वार्षिक प्रतिवेदन :** (१) मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले प्रत्येक वर्ष आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र सामुदायिक वनमा गरिएका क्रियाकलाप, उपलब्धी र वर्तमान अवस्थाको विवरण सहितको वार्षिक प्रतिवेदन नगरपालिकामा पेश गरी सोको एकप्रति निकुञ्जको कार्यालय र सामुदायिक वन उपभोक्ता महासंघ नेपाल समक्ष पेश गर्नु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम प्राप्त वार्षिक प्रतिवेदनको आधारमा नगरपालिका र निकुञ्जले सम्बन्धित उपभोक्ता समूहलाई आवश्यक सुझाव दिन सक्नेछन् ।

**६०. मध्यवर्ती क्षेत्रमा वन्यजन्तु र जैविक विविधता संरक्षण :** (१) मध्यवर्ती क्षेत्रमा पर्ने सामुदायिक वन लगायतका क्षेत्रहरूमा रहेका वन्यजन्तुहरूको संरक्षण गर्नु सबैको कर्तव्य हुनेछ ।

(२) मध्यवर्ती क्षेत्रमा वन्यजन्तु संरक्षणका लागि संरक्षित क्षेत्रसम्बन्धी कानून कार्यान्वयन गर्नु पर्नेछ ।

(३) निकुञ्जको कार्यालयले मध्यवर्ती क्षेत्रमा रहेका वन्यजन्तुहरूको गणना गर्दा नगरपालिका र सम्बन्धित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहसँग समन्वय गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम गणना गरिएका वन्यजन्तुको विवरणको अभिलेख नगरपालिका समक्ष उपलब्ध गराउनु पर्नेछ र उक्त वन्यजन्तु र सोको बासस्थान संरक्षणका लागि नगरपालिकाले सामुदायिक वन उपभोक्ता समूह मार्फत् आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ ।

**६१. मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापन :** (१) नगरपालिका र बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयका साथै सम्बन्धित मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले वन्यजन्तुबाट हुने जनधनको क्षति कम हुने कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ ।

(२) मध्यवर्ती क्षेत्रमा वन्यजन्तुबाट कसैको धनजनको क्षति भएमा त्यस्तो क्षति बापत पीडितलाई नेपाल सरकार र प्रदेश सरकारले उपलब्ध गराउने राहतका अतिरिक्त नगरपालिका र मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहले थप राहत प्रदान गर्न सक्नेछ ।

(३) मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द्व व्यवस्थापनका लागि नगरपालिका र निकुञ्जको कार्यालयका साथै सम्बन्धित उपभोक्ता समूहले आवश्यकता अनुसार यो ऐनको दफा ३४ मा उल्लिखित कार्यहरू गर्न सक्नेछ ।

**६२. मध्यवर्ती क्षेत्रमा धार्मिक वन तथा सांस्कृतिक एवं प्रथाजनित वन व्यवस्थापन :** (१) मध्यवर्ती क्षेत्रभित्र परापूर्वकालदेखि रहेको कुनै धार्मिक स्थल वा त्को वरिपरिको वन क्षेत्र तथा सांस्कृतिक वा प्रथाजनित वनको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक वा प्रथाजनित संस्था, समूह वा समुदायले त्यस्तो वनलाई मध्यवर्ती धार्मिक वन तथा सांस्कृतिक एवं प्रथाजनित वनको रूपमा व्यवस्थापन गर्न सक्नेछन् ।

(२) धार्मिक तथा सांस्कृतिक वा प्रथाजनित वन व्यवस्थापन गर्न चाहने संस्था, समूह वा समुदायहरू नगरपालिकामा दर्ता भएको हुनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दर्ता भएका संस्था, समूह वा समुदायलाई मध्यवर्ती क्षेत्रमा धार्मिक वन तथा सांस्कृतिक एवं प्रथाजनित वन व्यवस्थापनका लागि वन हस्तान्तरण गर्ने र वनसम्बन्धी कार्यहरू गर्दा निकुञ्जको कार्यालय र सम्बन्धित संस्था, समूह वा समुदायले नगरपालिकासँग समन्वय गरी वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

(४) मध्यवर्ती क्षेत्रमा रहेको वन व्यवस्थापन गर्ने धार्मिक वा प्रथाजनित संस्था, समूह वा समुदायलाई नगरपालिकाले विभिन्न सहयोग गर्नुका साथै आवश्यक सुझाव वा निर्देशन दिन सक्नेछ ।

**६३. मध्यवर्ती क्षेत्रमा निजी वन :** (१) मध्यवर्ती क्षेत्रभित्र आफ्नो हक भएको निजी जग्गाका धनीले मध्यवर्ती निजी वनको विकास, संरक्षण र व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) मध्यवर्ती क्षेत्रमा निजी वन व्यवस्थापन गर्न चाहने निजी वन तथा पारिवारिक निजी वन किसानले नगरपालिकामा दफा यो ऐनको ५१, ५२ र ५३ बमोजिम निजी वन दर्ता गर्न सक्नेछ ।

(३) मध्यवर्ती निजी वनको धनीलाई नगरपालिका र निकुञ्जको कार्यालयले आवश्यक प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(४) मध्यवर्ती निजी वनका वन पैदावारहरू मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्रभित्र स्वतन्त्र रूपले ओसार पसार र बिक्री वितरण गर्न पाउनेछ ।

(५) मध्यवर्ती निजी वनका वन पैदावारहरू मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार र बिक्री वितरण गर्नु परेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित प्रमुख संरक्षकको सिफारिस सहित नगरपालिका समक्ष निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिमको निवेदन प्राप्त भएमा नगरपालिकाको वन तथा वातावरण शाखाले आवश्यक जाँचजबुझ गर्दा गराउँदा उक्त वन पैदावार मध्यवर्ती निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई वातावरणीय असर नपर्ने किसिमले काठको हकमा टाँचा लगाई नगरपालिकाले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार गर्ने अनुमति प्रदान गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिमको छोडपूर्जी तथा अनुमतिपत्र बाटोमा पर्ने वन चेक पोष्टमा दरपिठ गराई वन पैदावार ओसार पसार गर्नु पर्नेछ।

**६४. मध्यवर्ती क्षेत्रमा वन उद्यम :** (१) मध्यवर्ती क्षेत्रमा मध्यवर्ती व्यवस्थापनसम्बन्धी प्रचलित कानूनको समेत पालना गर्दै दफा ऐनको २८ बमोजिम वन उद्यम स्थापना र सञ्चालन गर्न सकिने छ।

(२) मध्यवर्ती क्षेत्रमा वन उद्यम स्थापना र सञ्चालनका लागि नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

**६५. मध्यवर्ती क्षेत्रमा पर्यापर्यटन :** (१) मध्यवर्ती क्षेत्रमा मध्यवर्ती व्यवस्थापनसम्बन्धी प्रचलित कानूनको समेत पालना गर्दै ऐनको दफा २९ बमोजिम पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्न सकिने छ।

(२) मध्यवर्ती क्षेत्रमा पर्यापर्यटन कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले आवश्यक सहयोग उपलब्ध गराउन सक्नेछ।

**६६. मध्यवर्ती क्षेत्रमा साधारण निर्माणमूखी नदीजन्य पदार्थको व्यवस्थापन :** (१) नगरपालिकाले मध्यवर्ती क्षेत्र व्यवस्थापन र वातावरण संरक्षण सम्बन्धी प्रचलित कानून बमोजिम हुने गरी मध्यवर्ती क्षेत्र अन्तर्गत वन क्षेत्र बाहेकका नदीनालामा रहेका साधारण निर्माणमूखी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन तथा बिक्री वितरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा निकुञ्ज कार्यालय र प्रभावित समुदायसँग समन्वय गर्नु पर्नेछ।

(३) मध्यवर्ती क्षेत्रको वन क्षेत्र बाहेका स्थानमा रहेको साधारण निर्माणमूखी नदीजन्य पदार्थको बिक्री तथा परिचालनसम्बन्धी अन्य व्यवस्था प्रचलित प्रदेश कानून र संघीय कानून बमोजिम हुनेछ।

**६७. मध्यवर्ती क्षेत्र उपभोक्ता समितिसँग समन्वय :** नगरपालिका र मध्यवर्ती क्षेत्रमा वन व्यवस्थापन गर्ने उपभोक्ता समूहले मध्यवर्ती क्षेत्रमा विभिन्न कार्यहरू गर्दा सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिसँग पनि समन्वय गर्नु पर्नेछ।

## परिच्छेद - ९
## वनसम्बन्धी कसुर तथा सजाय

**६८. वनसम्बन्धी कसुर :** कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा अन्यथा व्यवस्था गरेकोमा बाहेक देहायका काम कारबाही गरे वा गराएमा वा सोको उद्योग गरेमा यस ऐन बमोजिमको कसुर गरेको मानिनेछ :-

(क) वनभित्रको जग्गा दर्ता गरेमा वा गराएमा,

(ख) निषेध गरिएको क्षेत्रमा व्यक्ति वा पशुचौपाया प्रवेश गरे वा गराएमा वा चराएमा,

(ग) वन फाँड्ने वा वन क्षेत्रको जग्गा जोत्ने, खन्ने, खनिज उत्खनन् गर्ने, आवाद गर्ने, सडक तथा अन्य पूर्वाधार निर्माण गर्ने, घर वा छाप्रो बनाउने, व्यवसाय सञ्चालन गर्ने वा अतिक्रमण गर्ने काम गरे वा गराएमा,

(घ) वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरे वा गराएमा,

(ङ) वनक्षेत्रबाट वन पैदावार हटाउने, बिना इजाजत वन पैदावार ओसारपसार गर्ने वा सङ्कलन गरी राख्ने वा बिक्री वितरण गर्ने वा घाटगद्दीमा राखेको वन पैदावार हटाउने वा चोरी गर्ने काम गरेमा,

(च) वनक्षेत्रको रूख वा बिरूवा काट्ने, हाँगा काट्ने, खोटो वा बोक्रा झिक्ने वा कुनैपनि प्रकारले नोक्सानी गरे वा गराएमा,

(छ) वनबाट रूख काट्दा, ढाल्दा, घिसार्दा वा वनक्षेत्र बाहिर लैजाँदा लापरवाहीसँग अन्य कुनै वन पैदावार नोक्सान गरेमा,

(ज) वनक्षेत्रबाट बग्ने नदीबाट नदीजन्य पदार्थ, ढुङ्गा, गिट्टी, बालुवा वा माटो झिक्ने, गोल वा चुन पोल्ने वा यी वस्तुहरूबाट अरू तयारी माल बनाउने वा सङ्कलन गर्ने र खनिज पदार्थ निकाल्ने वा सङ्कलन गर्ने काम गरेमा,

(झ) वन पैदावारको पूर्जीको शर्त उल्लङ्घन गरी वन पैदावार नोक्सानी गरेमा,

(ञ) विदेश निकासी गर्न प्रतिबन्धित वन पैदावार विदेश निकासी गरेमा,

(ट) वन सीमाना चिन्ह उखेल्ने, सार्ने, फेर्ने, मेट्ने वा बिगार्ने काम गरेमा,

(ठ) टाँचा वा सीमाना किर्ते गर्ने वा काठ वा खडा रूखमा लगाईएका सरकारी टाँचा, निसाना फेर्ने, बिगार्ने वा मेट्ने गरेमा,

(ड) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका बिरूवा काट्ने, भाँच्ने उखेल्ने, अरू कुनै प्रकारले नोक्सान गरेमा वा प्राकृतिक रूपमा उम्रेका बिरूवा मासेमा,

(ढ) नर्सरीमा रहेका वा वृक्षारोपण गरिएका क्षेत्रका खम्बा, तारका बार वा त्यस्ता अरू सम्पत्ती बिगारे वा चोरी गरेमा,

(ण) वन्यजन्तुको शिकारका लागि हतियार वा अन्य सामग्री लिई वन क्षेत्रमा प्रवेश गर्ने, वन्यजन्तु वा वन्यजन्तुको आखेटोपहार राख्ने, ओसारपसार गर्ने वा बिक्री वितरण गर्ने काम गर्ने,

(त) वन पैदावारमा आधारित उद्योगले प्रचलित कानून विपरीत वन पैदावार राखेमा,

(थ) उपभोक्ता समूहका पदाधिकारी वा सदस्यले समूहको हिताको नाममा कोषको रकम हिनामिना गर्ने वा समूहको विधान तथा कार्ययोजना विपरीत कुनै कार्य गरेमा,

(द) निजी वनधनीले दफा ५१, ५२ र ५३ विपरीतका कार्य गरे वा गराएमा,

(ध) यो ऐन र यस ऐन अन्तर्गत बनेका नियमको विपरीत अन्य कुनै कार्य गरेमा ।

**६९. सजाय** : (१) दफा ६८ बमोजिमका कसुरमा मध्यवर्ती क्षेत्रको वनहरूको हकमा नेपाल सरकार र सामुदायिक वनहरूको हकमा प्रदेशको वन सम्बन्धी कार्यालयले प्रचलित कानून बमोजिम र निजी वनको हकमा नगरपालिकाले यो ऐन बमोजिम सजाय गर्नेछ ।

(२) निजी वनधनीले दफा ६८ को खण्ड (द) र (ध) बमोजिम कसुर गरेमा कसुरको मात्रा बमोजिम प्रदेश वन ऐन, २०७८ को दफा ५० बमोजिम आवश्यक हेरफेर सहित (मुटाटिस मुण्टाडिस) प्रमुख प्रशासकीय अधिकृतले जरिवाना गर्नेछ ।

## परिच्छेद - १०

## वनसम्बन्धी संस्थागत व्यवस्था

**७०. नेपाल सरकार र प्रदेश सरकारको भूमिका** : यो ऐन कार्यान्वयनका लागि नेपाल सरकार र प्रदेश सरकारले आवश्यक समन्वय, सहयोग र स्रोत साधन उपलब्ध गराउन सक्नेछ ।

**७१. वन तथा वातावरणसम्बन्धी विषयगत समिति** : (१) नगरपालिकाले वन क्षेत्रका विषयमा समन्वय, अनुगमन तथा मूल्यांकन र अन्य आवश्यक कार्यहरू गर्नका लागि नगरपालिकामा कार्यपालिकाको कुनै सदस्यको संयजकत्वमा वन तथा वातावरण समिति वा  वातावरण परिषद् गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समिति वा परिषद्मा सम्बन्धित निकायहरूका साथै सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल, सरोकारवाला नागरिक समाज र निजी क्षेत्रको समेत प्रतिनिधित्व हुनेछ ।

**७२. वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य गर्न सक्ने :** (१) नगरपालिकामा रहने वन तथा वातावरणसम्बन्धी शाखाले वन सम्बन्धी विषयमा काम गर्नको लागि आवश्यक मानव स्रोतको व्यवस्था गरी वनका विषयमा आवश्यक सहजीकरण र प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

(२) वन तथा वातावरण शाखाले वनसम्बन्धी कार्य सञ्चालन गर्दा नगरपालिकामा रहेको विषयगत समितिसँग सहकार्य र समन्वय गर्नुपर्नेछ ।

**७३. वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न सक्ने :** (१) नगरपालिकाले नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ञ) र दफा ११ को उपदफा (४) को खण्ड (ङ) मा उल्लिखित वन, वन्यजन्तु, जैविक विविधता र वातावरणसम्बन्धी कार्यहरू गर्नको लागि उपभोक्ता समूह, सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, सरोकारवाला संघ संस्था तथा नागरिक समाज र निजी क्षेत्रसँग समेत समन्वय, परामर्श र सहकार्य गरी नगरपालिका स्तरको पञ्चवर्षिय तथा दीर्घकालिन वन योजना तर्जुमा गरी कार्यान्वयन गर्न सक्नेछ ।

(२) नगरपालिकाले वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा उपभोक्ता समूह र सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल मार्फत् सञ्चालन गर्न प्राथमिकता दिनु पर्नेछ ।

(३) नगरपालिकाले आफ्नो वन योजना कार्यान्वनका क्रममा वन उपभोक्ता समूहको क्षमता विकास, सामुदायिक वनका कार्ययोजना तर्जुमा, संशोधन तथा परिमार्जन, वन उद्यम तथा पर्यापर्यटन विकास लगायतका कार्यहरूको लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने गरी नियमित रूपमा बजेट विनियोजन गर्न सक्नेछ ।

## परिच्छेद - ११
## विविध

**७४. वन क्षेत्रमा प्रवेश नियमन :** (१) वन संरक्षणको दृष्टिकोणले आवश्यक देखिएमा नगरपालिका र सम्बन्धित वन उपभोक्ता समूहले आफ्नो सबै वन क्षेत्र वा केही निश्चित वन क्षेत्रमा केही समयका लागि प्रवेश नियन्त्रण तथा निषेध गर्न सक्नेछ ।

(२) सामुदायिक वन बाहेकका वन क्षेत्रमा केही समयका लागि प्रवेश निषेध गर्नुपर्ने भएमा सो सम्बन्धी व्यवस्था वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम हुनेछ र प्रदेश सरकारको वन सम्बन्धी कार्यालयले वन क्षेत्रमा प्रवेश निषेधसम्बन्धी निर्णय गर्दा नगरपालिकासँग समन्वय तथा परामर्श गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम वन क्षेत्रमा प्रवेश निषेध गर्दा परम्परागत रूपमा उपयोग गर्दै आएको बाटो, पानी (खानेपानी, सिंचाइ, पानीघट्ट) र धार्मिक तथा सांस्कृतिक क्षेत्रको नियमित उपयोगमा प्रतिबन्ध लगाउन पाइने छैन ।

**७५. सामाजिक प्रयोजनका लागि वन पैदावारको आपूर्ति :** नगरपालिकाको क्षेत्रभित्र धार्मिक तथा सांस्कृतिक कार्य, विपद् व्यवस्थापन, दाह संस्कार, विपन्न वर्गको घरगोठ निर्माण र अन्य अत्यावश्यक विकास निर्माणको लागि काठ दाउरा आवश्यक परेमा नगरपालिकाले सम्बन्धित वन उपभोक्ता समूह वा निजी वनवालालाई न्यूनतम् शुल्क लिई यी प्रयोजनका लागि काठ दाउरा आपूर्ति गर्नका लागि समन्वय गर्न सक्नेछ ।

**७६. बेवारिस वा दरियावुर्दी काठबाट प्राप्त लाभको बाँडफाँड :** प्रदेश सरकारले वनसम्बन्धी प्रचलित संघीय कानून बमोजिम नगरपालिकाको क्षेत्रबाट संकलित बेवारिस वा दरियावुर्दी काठबाट प्राप्त रकमको पच्चीस प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा उपलब्ध गराउनु पर्नेछ ।

**७७. अन्तरस्थानीय तहमा फैलिएको वन व्यवस्थापन :** नगरपालिका र छिमेकी पालिकाबीच फैलिएको वनको दिगो व्यवस्थापनका लागि अन्तरस्थानीय तह वन समन्वय समिति गठन गरी त्यस्ता वनहरूको सामुदायिक वनका माध्यमबाट दिगो संरक्षण र व्यवस्थापनका लागि सहजीकरण गरिनेछ ।

**७८. वनसम्बन्धी अध्ययन अनुसन्धान र अभिलेख :** (१) नगरपालिकामा रहेको वनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक अनुदानको व्यवस्था गरी वनको विकासमा टेवा पुऱ्याउने योजना तर्जुमा गर्न सकिनेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रमा रहेको वन पैदावार तथा जैविक विविधता र वन्यजन्तु तथा यी विषयसँग सम्बन्धित परम्परागत ज्ञान र अभ्यासहरूको अभिलेख तयारी गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार गरिएको अभिलेखलाई विद्युतीय माध्यमबाट व्यवस्थित गरी समुदाय तथा सरोकारवालाको पहुँचमा राख्नु पर्नेछ ।

**७९. वन्यपशुपन्छी पालन गर्न सकिने :** नगरक्षेत्रभित्र लुम्बिनी प्रदेशको वन ऐन र नियमावली तथा संघको व्यवसायिक रूपमा वन्यजन्तुको पालन, प्रजनन् तथा उपयोग सम्बन्धी मापदण्ड, २०८० बमोजिम वन्यपशुपन्छीको व्यवसायिक रूपमा पालन गर्न सकिनेछ ।

**८०. उद्योग स्थापना तथा सञ्चालन गर्न सकिने :** कसैले नगरक्षेत्रभित्र उद्योग स्थापना तथा सञ्चालन गर्न चाहेमा वातावरणीय अध्ययन गरी सो अध्ययन प्रतिवेदनले सुझाएका सिफारिसहरू र वातावरणसँग सम्बन्धित प्रचलित कानूनले तोकेका कार्यविधि, मापदण्ड लगायतका परिधिभित्र रही उद्योग स्थापना तथा सञ्चालन गर्न सक्नेछ ।

**८१. क्षेत्रहरू तोक्न सक्ने :** (१) कार्यपालिकाले राष्ट्रिय वन, सामुदायिक वन, धार्मिक वन, कबुलियती वन, मध्यवर्ती सामुदायिक वनमा कुनै खास कार्यका लागि क्षेत्र तोक्न सक्नेछ ।

(२) कार्यपालिकाले वनक्षेत्रमा रूख, विरूवा नभई खुल्ला वा खाली रहेका स्थानमा पर्यावरणलाई असर नपर्ने गरी वनभोज स्थल, फोहोर व्यवस्थापन क्षेत्र, पर्यटकीय पूर्वाधार वा संरचना आदि बनाउन सकिने गरी क्षेत्र तोक्न सक्नेछ ।

(३) उपदफा (१) र (२) का लागि कार्यपालिकाले निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशन गर्नेछ ।

**८२. जोखिम हुने रूखहरू हटाउन सकिने :** मध्यवर्ती क्षेत्र, सामुदायिक वन र निजी जग्गामा रहेका रहेका सुकेका, हाँगा भाँचिएका, कुनै एकतर्फ नुहिएर रहेका रूखहरू नहटाएमा अन्य भौतिक संरचना वा जनधन वा मानव बस्ती तथा आवागमनमा मानवीय हिसाबले जोखिममा रहेको पाइएमा नगरपालिकाको सिफारिसमा मध्यवर्ती क्षेत्रको हकमा प्रमुख संरक्षक र अन्यत्रको हकमा प्रदेशको वन सम्बन्धी कार्यालयले सम्बन्धित व्यक्ति वा समुदाय वा नगरपालिकालाई हटाउन अनुमति दिनेछ ।

**८३. मिचाहा प्रजातिका वनस्पती हटाउने :** (१) पारिस्थितिक प्रणाली, जैविक विविधता, वन, जल, अन्य वनस्पती, कृषि, जनावर र मानव स्वास्थ्यमा नकारात्मक असर तथा प्रभाव पार्ने मिचाहा प्रजातिका देहायका वनस्पती सुरक्षित उपाय अवलम्बन गरी उपभोक्ता समूहले नष्ट गर्न वा हटाउन सक्नेछ :-

(क) जलकुम्भी (Eichhornia crasssipes),

(ख) सेतो वनमारा (Chromolaena odorata),

(ग) कालो वनमारा (Ageratina adenophora),

(घ) लहरे वनमारा (Mikania micrantha),

(ङ) वनफाँडा (Lantana camara),

(च) पातीझार (Parthenium hysterophorus),

(छ) लज्जावती (Mimosa pudica),

(ज) गन्धे (Ageratum conyzides),

(झ) निलो गन्धे (Ageratum houstonianum),

(ञ) कालोकुरो (Bidens pilosa), र

(ट) थाकल (Argemone maxicana) ।

ठाकुरबाबा नगरपालिकाको राजपत्र, २०८१

(२) उपदफा (१) का अतिरिक्त भविष्यमा कुनै मिचाहा प्रजातिको वनस्पती थप भएमा समेत नष्ट वा हटाउन सकिनेछ ।

**८४.पुरस्कारसम्बन्धी व्यवस्था** : वन संरक्षण र व्यवस्थापनमा उल्लेखनीय योगदान गर्ने समुदाय, व्यक्ति वा संस्थालाई नगरपालिकाले आवश्यक पुरस्कारको व्यवस्था गर्न सक्नेछ ।

**८५. अधिकार प्रत्यायोजन** : नगरपालिकाको कार्यपालिकाले यो ऐन बमोजिम प्राप्त गरेको अधिकार कुनै विषयगत समिति वा संयोजक वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**८६. नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्ने** : यो ऐनमा गरिएका व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि र मार्गदर्शन बनाउन सक्नेछ ।

**८७. बचाउ तथा खारेजी** : यो ऐन लागू हुनुअघि भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१

**अनुसूची-१**

**(दफा ५१ को उपदफा (१) सँग सम्बन्धित)**

**निजी वन दर्ताको निवेदनको ढाँचा**

**श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,** **मिति :**
**ठाकुरबाबा नगरपालिका, सैनवार, बर्दिया ।**

**विषय : निजी वन दर्ता गरी पाउँ ।**

संघीय वन ऐन, २०७६ र नियमावली, २०७९, प्रदेश वन ऐन, २०७८ र नियमावली, २०७९ र ठाकुरबाबा वन ऐन, २०८१ को अधीनमा रही देहायका वन पैदावरलाई ठाकुरबाबा नगरपालिकामा निजी वनको रूपमा दर्ता गर्नुपर्ने भएकाले सोका लागि सिफारिस गरी पाउँ भनी यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरू:**

१) दर्ता गर्न चाहेको निजी वनको वन पैदावारहरूको नामको सूची,
२) जग्गाको स्वामित्व सम्बन्धी कागजात,
३) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
४) डिभिजन वन कार्यालयको सिफारिस,
५) वन व्यवस्थापन योजना र कार्ययोजना,
६) वन क्षेत्र हुने जग्गाको ट्रेस नक्शा र चारकिल्ला प्रमाणित,
७) साँधसँधियारको सहमति भएको मुचुल्का ।

**निवेदक**
नाम :
दस्तखत :
ठेगाना :

नोट : निजी वनको वन पैदावारहरूको नाम संघीय वन नियमावली, २०७९ को नियम ८२ (३) र अनुसूची-४८ बमोजिम हुनुपर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१

**अनुसूची-२**

**(दफा ५१ को उपदफा (२) सँग सम्बन्धित)**

**निजी वन दर्ता प्रमाणपत्रको ढाँचा**

**ठाकुरबाबा नगरपालिका**

## नगर कार्यपालिकाको कार्यालय

**सैनवार, बर्दिया**

**निजी वन दर्ता प्रमाणपत्र**

**दर्ता नं. :** .......... **दर्ता मिति :** ...............

**श्री** ......................,

.................................. ।

ठाकुरबाबा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको मिति ................ को निर्णयानुसार ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१ को दफा ५१ को उपदफा (२) बमोजिम निजी वन दर्ताको लागि यो प्रमाणपत्र उपलब्ध गराईएको छ ।

प्रचलित कानूनको परिधिभित्र रही दर्ता भएको निजी वन व्यवस्थापन गर्नुहोला ।

**निजी वनको विवरण :**

वनको क्षेत्रफल :

वनपैदावारको सङ्ख्या :

**प्रमाणपत्र दिने अधिकारी**

प्रमाणपत्र बहाकको छाँप

नाम, थर :

पद :

दस्तखत :

मिति :

कार्यालयको छाप :

यो प्रमाणपत्र प्रत्येक वर्ष नवीकरण गर्नुपर्नेछ ।

ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१

<u>नवीकरण सम्बन्धी विवरण</u>

| नवीकरण गर्ने अधिकारीको नाम | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अवधि | नवीकरण दस्तुर, रसिद नं. र मिति | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**आज्ञाले**

नारायण प्रसाद ढकाल

प्रमुख प्रशासकीय अधिकृत

ठाकुरबाबा नगरपालिकाको वन ऐन, २०८१